# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## लहान नगरपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं. २६४

मिति: २०७७।३।२६

श्री नगर प्रमुखज्यू,
लहान नगरपालिका,
सिरहा ।


**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं १३९

मिति: २०७७।३।२१

श्री नगरप्रमुखज्यू,
लहान नगरपालिका,
सिरहा ।

विषय: लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले लहान नगरपालिका, सिरहाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १९ करोड ३६ लाख १५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने ४ करोड रु. ४९ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु १ करोड ६ लाख ३६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६ करोड ७४ लाख ७६ हजार र पेश्की रु. ७ करोड ५ लाख ५९ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम भएका ब्यहोराको अन्तिम प्रतिवेदन पाना सैतालीस (४७) यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी,नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बिन्दु बिष्ट)
नायब महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# लहान नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत २४ वडा रहेको १२५ सभा सदस्य १६७.१७ व.की.मी. क्षेत्रफल ९१७६७ जनसंख्या र २ नं. प्रदेशमा अवस्थित छ । | |
| २. | **सेवा प्रवाह :-** यस कार्यालयले करारको समेत १५७ जना कर्मचारी बाट ९१७६७ जनसंख्यालाई सेवा प्रवाह गरेको छ । २०७५।०३।१४ मा पारित विनियोजन ऐन अनुसार रु. १ अर्व ३५ करोड २५ हजार को बजेट खर्च गर्ने अख्तियारी २०७५।०३।१६ मा कार्यकारी अधिकृतलाई प्राप्त भएकोमा ५७.८९ प्रतिशत अर्थात रु. ७८ करोड १६ लाख ५२ हजार खर्च गरेको छ । रु. ५ करोड ३४ लाख ७ हजार आन्तरिक राजस्व आम्दानी गरेको यस पालिकाले नागरीकता सिफारिस २७५२, घरबाटो सिफारिस ३४५३, नाता प्रमाणीत १२०६, जन्म मृत्यू दर्ता ३०१२ को गरेको छ । | |
| ३. | **स्थानीय संचित कोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ : | |

| सि. नं. | आयतर्फ | | सि. नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ० | १ | **चालु खर्च** | ४७७३३६४५७.२८ |
| | क) नगद | ० | २ | **पूँजीगत खर्च** | ३०४३१५२६२.७५ |
| | ख) बैंक | २७७८४८७६२.७३ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | ५३४०६५५७.०० | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | १०१७७०७३९.८८ | | ग) अन्य भुक्तानी | ० |
| | ग) अन्य आय | २९५१९७७२.९४ | ४ | **लगानी** | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | | ऋण लगानी | ० |
| | क)वित्तीय समानीकरण अनुदान | २१८३००००.०० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | ३७६३९६०६९.७४ | | अन्य लगानी | ० |
| | ग) समपूरक अनुदान | ० | ५ | **धरौटी फिर्ता** | ६६१०१४८.०४ |
| | घ) विशेष अनुदान | ० | ६ | **कोष खर्च** | ६५९६७८८.६५ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | ७ | **मौज्दात** | ० |
| | क)वित्तीय समानीकरण अनुदान | २०७१०००.०० | | क) नगद मौज्दात | ० |
| | ख) सशर्त अनुदान | ० | | ख) बैंक मौज्दात | २७७६६११८२.२६ |
| | ग) समपूरक अनुदान | ० | | ग) कोष तर्फ बैंक मौज्दात | ५७८०६३७.६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | ० | | घ) धरौटी तर्फ बैंक मौज्दात | १६७७७०६७.०५ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | | ० |
| | क) ऋण प्राप्ति | ० | | | ० |
| | ख) साँवा प्राप्ति | ० | | | ० |
| | ग) ब्याज प्राप्ति | ० | | | ० |
| | घ) अन्य प्राप्ति | ० | | | ० |
| ७ | **विभिन्न कोषतर्फको आय** | १२३७७४२६.२८ | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | ० | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | ० |
| १० | **धरौटी आय** | २३३८७२१५.०९ | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | | | ० |
| १२ | **अन्य विविध आय** | ० | | | ० |
| | **जम्मा** | **१०९५०७७५४३.६६** | | **जम्मा** | **१०९५०७७५४३.६६** |

घटी जिम्मेवारीः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियमबमोजिम आय-व्यय ठिकसँग भएको र लेखाङ्कन गरेको तथ्यमा विश्वस्त हुनपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत वर्षको लेखापरिक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने भनि रु. २७७९७२७०५। उल्लेख भएको देखिएको तर आ.व. ०७५।७६ मा रु. २७७८४८७६२।७३ जिम्मेवारी सारेको देखिएकोले जिम्मेवारी सार्न बाँकी देखिएको रु १२३९४३। एकिन गरी जिम्मेवारी सार्नुपर्ने देखिएको छ । साथै चालु आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको चालु तथा पुँजीगत खाताका रकम सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा चालु तथा पुँजीगत खातामा नै रु १२०७२१०८३।३४ मौज्दात रहेको पाईयो ।

नगद मौज्दातः नगरपालिकामा केन्द्रिय स्तरमा आयखातामा आषाढ मसान्तमा रु. १०१७६६०।९६ बैङ्क दाखिला गर्न बाँकी भई नगद मौज्दात देखिएकोमा एकिकृत आर्थिक विवरणमा नगद मौज्दात रहेको देखिएन ।

४.

**कोषको लेखा परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :**

**वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले २०७५।३।२० मा वजेट पारित भएकोमा प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको छैन ।

५.

आन्तरिक व्यवस्थापन प्रणालीसँग सम्वन्धित देखिएका व्यहोराहरुः- आन्तरिक नियन्त्रण तथा प्रभाबकारी व्यबस्थापनका लागि यस कार्यालय र तालुक निकाय समेतले निम्न व्यहोराका कामहरु पनि गर्नु गराउनु पर्नेमा पुर्ण रुपमा कार्यान्वयन तथा पालना गरेको पाईएन । नियमानुसार सबै व्यहोराको पालना तथा कार्यान्वयन गर्नु पर्दछ ।

- खरिद योजनाः- खरिद योजना तथा सावंजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कायंक्रम तथा बजेट तयार गदां आगामी आथिंक वषंमा गनें बाषिंक खरिद योजना तयार गरी कार्यान्यन

| | | |
|---|---|---|
| | हुन सकेको देखिएन ।<br>➢ भुक्तानी भएको छापः- भुक्तानी भएको छाप भुक्तानी भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरि राख्नु पर्नेमा सो अनुसार गरेको पाईएन ।<br>➢ जिन्सी तर्फ मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।<br>➢ सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।<br>बिभिन्न ऐन नियम एवं कार्यविधिहरुमा रहेका उल्लिखित प्रावधानहरुको पालना गरी आन्तरिक नियन्त्रणलाई थप प्रभावकारी बनाउनु पर्दछ । | |
| ६. | **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन । मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, नापी किताबमा चेनेज रहेको स्थान उल्लेख गरी चेनेजको लगत राख्ने व्यवस्था नगरेको, खर्चको विल भर्पाई सार्वजनिकीकरण नगरेको, अख्तियार र जिम्मेवारी किटान गरी कर्मचारीको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको एकिन गरी आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, विद्युतिय हाजिरीको प्रयोग नगरेको, कार्यालयको काम सम्बन्धमा आईपर्ने जोखिम पहिचान गरि मूल्यांकन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था नगरेको जस्ता व्यहोरा देखिएका छन् ।त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ । | |
| ७. | **आन्तरीक नियन्त्रण प्रर्णाली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । तर कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली बनाएको छैन । | |
| ८. | **वजेट तथा कार्यक्रम तर्जुमा**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर नगरपालिकाले सो अनुसार दोहोरोपन आउन नदिने गरी कार्यक्रम तय गरेको छैन । | |
| ९. | **कानून तथा कार्यविधि निर्माण सम्वन्धमा**: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(३) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यवस्था र १०२(५) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित नगरे सम्म लागु नहुने व्यवस्था रहेको छ ।यस पालिकाले आर्थिक वर्ष २०७५।७६ मा देहायका ऐन नियम, कार्यविधि पारित गरेपनि राजपत्रमा प्रकाशन गरेको छैन । अत ऐन नियम, कार्यविधिहरुलाई राजपत्रमा प्रकाशन गर्नु पर्दछ । | |

| सि.नं. | ऐन, नियम,कार्यविधिको नाम | स्वीकृत मिति |
|---|---|---|

| | | |
|---|---|---|
| १ | लहान नगरपालिका कार्यविधि, २०७५ | सभावाट स्वीकृत मिति : २०७५।०३।१४<br>प्रमाणिकरण मिति : २०७५।०३।१५ |
| २ | लहान नगरपालिका विनियोजन ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन, २०७५ | सभावाट स्वीकृत मिति : २०७५।०३।१०<br>प्रमाणिकरण मिति : २०७५।०३।११ |
| ३ | लहान नगरपालिका आधारभूत सरसफाई तथा फोहरमैला व्यवस्था गर्न बनेको विधेयक, २०७५ | सभावाट स्वीकृत मिति : २०७५।०३।१४<br>प्रमाणिकरण मिति : २०७५।०३।१५ |
| ४ | लहान नगरपालिका सहकारी ऐन, २०७५ | सभावाट स्वीकृत मिति : २०७५।०३।१४<br>प्रमाणिकरण मिति : २०७५।०३।१५ |
| ५ | लहान नगरपालिका आर्थिक ऐन, २०७५ | सभावाट स्वीकृत मिति : २०७५।०३।१४<br>प्रमाणिकरण मिति : २०७५।०३।१५ |
| ६ | लहान नगरपालिका सेवा करार व्यवस्थापन कार्यविधि, २०७५ | कार्यपालिकावाट स्वीकृत मिति :- २०७५।०१।१५ |
| ७ | लहान नगरपालिका -जग्गा प्राप्ती) कार्यविधि, २०७६ | सभावाट स्वीकृत मिति : २०७६।०३।०८ |
| ८ | लहान नगरपालिका नगरकार्यपालिका(कार्य बिभाजन) नियमावली, २०७४ | कार्यपालिकावाट स्वीकृत मिति : २०७४।०९।१६ |
| ९ | लहान नगरपालिका “३ ” वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ | कार्यपालिकावाट स्वीकृत मिति : २०७५।०१।०५ |
| १० | लहान नगरपालिका न्यायिक समिति सम्बन्धी ऐन, २०७५ | सभावाट स्वीकृत मिति : २०७५।०३।१४<br>प्रमाणिकरण मिति : २०७५।०३।१५ |
| ११ | लहान नगरपालिका नगर सभा संचालन कार्यविधि, २०७४ | कार्यपालिकावाट स्वीकृत मिति : २०७४।०९।१६ |
| १२ | लहान नगरपालिका शिक्षा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७५ | सभावाट स्वीकृत मिति : २०७५।०३।१४<br>प्रमाणिकरण मिति : २०७५।०३।१५ |
| १३ | लहान नगरपालिका विनियोजन ऐन, २०७५ | सभावाट स्वीकृत मिति : २०७५।०३।१४<br>प्रमाणिकरण मिति : २०७५।०३।१५ |
| १४ | लहान नगरपालिका स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | कार्यपालिकावाट स्वीकृत मिति : २०७५।०१।१५ |
| १५ | लहान नगरपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा विधेयक, २०७५ | सभावाट स्वीकृत मिति : २०७५।०३।१४<br>प्रमाणिकरण मिति : २०७५।०३।१५ |
| १६ | लहान नगरपालिका नगरकार्यपालिका(कार्य सम्पादन) नियमावली, २०७४ | कार्यपालिकावाट स्वीकृत मिति : २०७५।०९।११ |
| १७ | लहान नगरपालिका नगरकार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४ | कार्यपालिकावाट स्वीकृत मिति : २०७४।०९।११ |
| १८ | लहान नगरपालिका नगरकार्यपालिका (कार्य बिभाजन) नियमावली, २०७४ | कार्यपालिकावाट स्वीकृत मिति : २०७४।०९।११ |
| १९ | लहान नगरपालिका नगरसभा संचालन कार्यविधि,२०७४ | कार्यपालिकावाट स्वीकृत मिति : २०७४।०९।११ |
| २० | लहान नगरपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण -कार्यविधि) नियमावली, २०७४ | कार्यपालिकावाट स्वीकृत मिति : २०७४।०९।११ |

१०. **आन्तरिक ऋण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम पालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । तर नगरपालीकाले यो वर्ष सो अनुसार ऋण लिएको छैन ।

११. **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्नु जरुरी छ ।

१२. **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल पुजीगत खर्च रु ३० करोड ४३ लाख १५ हजारमध्ये प्रथम चौमासिकमा ११.५६ प्रतिशत, दोश्रो चौमासिकमा १९.७० प्रतिशत र तेश्रो चौमासिकमा ६८.७३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा ४७.७२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अत सन्तुलित रुपमा वजेट खर्च गर्नु पर्दछ ।

१३. **बोलपत्रको तुलनाः** लेखापरीक्षणको लागि पेश भएको बोलपत्रमा सहभागिता र लागत कवोल अंकको कार्यालयबाट प्राप्त विवरण निम्नानुसार देखियो ।

| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | स्वीकृत रकम |
|---|---|---|---|
| ०१. | सडक सुधार कार्य, लहान १७ | २१,८९,५५२।२० | ९,४३,६९३।५१ |
| ०२. | सडक सुधार कार्य, लहान १९ | १,८५,८८,७४५।९८ | ९७,०८,०७४।७१ |
| ०३. | सडक सुधार कार्य, लहान २१ | १,७२,५८,१५८।९३ | ९३,७०,३३०।५८ |
| ०४. | सडक सुधार कार्य, लहान ०४, ०६ र ०८ | १,५८,६२,०६०।६२ | ८५,९०,४११।०८ |
| ०५. | सडक सुधार कार्य, लहान १०,११,१३ र १४ | १४,४१,८७,९५८।३३ | ९,३४,१३,६४४।१५ |
| ०६. | नमूना सडक निर्माण कार्य, लहान ०६ र १० | ४,८०,७७,१३६।७५ | ३,४१,८९,७३९।९१ |
| ०७. | सडक सुधार कार्य, लहान १० | ३,९२,९६,९७२।१६ | २,२९,२४,७५२।२१ |
| ०८. | सडक सुधार कार्य, लहान ११ | २,८६,०६,२२०।८१ | १,६१,८७,८९१।६७ |
| ०९. | सडक सुधार कार्य, लहान ०८ | २,६९,०४,७३७।८७ | १,८९,२४,६०२।६८ |
| १०.. | सडक सुधार कार्य, लहान २० | २,५५,३०,३८८।६५ | १,४५,४६,६४५।६५ |
| ११.. | महिला भवन निर्माण, लहान ०५ | ५,३८,९८,४६१।९९ | ३,५१,०१,२६१।५९ |
| १२. | विद्यापति /भानृभक्त वहुउदेशीय भवन निर्माण, लहान ०७ | ४,९९,७६,०५८।४० | ३,४७,८०,६२२।४२ |
| १३ | घण्टाघर निर्माण, लहान ०८ | २९,७२,२५२।२७ | २०,९४,००२।४० |
| १४ | फूटपाथ पेभिंग कार्य, लहान ०१, ०७ र ०८ | १,३१,५९,५२८।१५ | ७१,५८,१३३।८७ |
| १५.. | शिवशक्ति आधारभूत विद्यालय निर्माण, लहान ५ | ५५,२९,३८७।७३ | ५५,२९,३८७।७३ |
| १६. | एकिकृत वस्ती निर्माण योजना, लहान ५ | ९९,०२,३६०।०० | ९९,०२,३६०।०० |
| १७. | नगरपालिका कार्यालय भवन निर्माण | १,२१,१७,५५८।६१ | ७९,७५,१७३।६५ |
| १८. | नगर सभा भवन निर्माण | १,१७,२४,५३८।९८ | |
| १९. | बृक्ष सुरक्षा गार्ड निर्माण/आपूर्ति कार्य | १९,९५,५९५।१४ | १५,१७,५९०।०० |
| | जम्मा | | |

१४. योजनामा वजेट विानियोजन तथा कार्यान्वयन :- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको अनुमानीत विवरण गाउरनगर सभामा पेश गरी पारित गर्नुपर्ने व्यवस्था छ । लहान नगरपालीकाको मिति २०७५ असार १४ गतेको दोश्रो औ सभाले आर्थिक वर्ष २०७५।७६ को बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ । लहान नगरसभाबाट पारित योजनाहरुको आवधीक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दिर्घकालिन प्रकृतिका आयोजनाहरुको सुची समेत तयार गरी सोही अनुसार वजेट विनियोजन गर्नुपर्नेमा लहान नगरसभाले एकीकृत रुपमा निम्नानुसार विषयमा सभाको दोश्रो वैठक २०७५।०३।१४ वाट वजेट विनियोजन गरेको छ । लहान नगरपालीका अन्तर्गत संचालित आयोजनाहरुको आयोजनागत खाता अनुसार रु ७८,१६,५१,७२०.०३ खर्च भएको छ ।

| सि.नं. | आयोजनाको किसिम | बजेट | खर्च |
|---|---|---|---|
| | **समपुरक तथा आयोजना व्यवस्थापन** | | |
| क | **आर्थिक विकास** | | |
| १. | कृषि | १,४९,३०,०००.० | १,३६,९५,७८५.९४ |
| २. | पर्यटन | ३०,००,०००.० | ० |
| ख | **सामाजिक विकास** | | |
| ३. | शिक्षा | २१,३८,१८,४१७.० | १७,४१,५७,५७७.९६ |
| ४. | स्वास्थ्य | ७,१९,७५,०००.० | ६,५९,४०,४१६.५३ |
| ५. | खानेपानी तथा सरसफाई | २०,९१,०००.० | १९,९२,६८१.०८ |
| ६. | संस्कृति प्रवर्द्धन | २७,००,०००.० | २४,८६,०९६.० |
| ७. | लैगिक समानता तथा सामाजिक समावेशीकरण | १५,८३,९९,०००.० | १२,१२,६४,३७५.४० |
| ग | **पूर्वाधार विकास** | | |
| ८. | स्थानीय सडक, पुल | ५२,९४,६५,०००.० | १८,६८,८४,८.५.१६ |
| ९. | सिंचाइ | १९,३०,०००.० | १८,८४,३७८.७२ |
| १०. | भवन तथा सहरी विकास | ८,५३,४५,०००.० | ३,१७,७२,९०४.५४ |
| ११. | वैकल्पीक उर्जा | ९१,३३,०००.० | ५६,११,९६६.५३ |
| १२. | संचार | २६,९५०००.० | २४,००५९२.५९ |
| घ | **वतावरण तथा विपद व्यवस्थापन** | | |
| १३. | वन तथा भु.संरक्षण | १,६०,०००.० | १,५०,०००.० |
| १४. | जलाधार संरक्षण | ७३,६०,०००.० | ३,५०,०००.० |
| १५. | फोहर मैला तथा ढल व्यवस्थापन | ७०,००,०००.० | ०.० |
| १६. | विपद व्यवस्थापन | ३,५०,०००.० | ३,३५,६१०.० |
| ङ | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | | |
| १७. | सुरक्षा व्यवस्थापन | ६,००,०००.० | ५,९८,७९३.०० |
| १८. | सुचान प्रविधि | ४८,००,०००.० | ४,३५,४,२९.०० |
| १९. | स्थानिय तथ्यांक संकलन | २,८०,०००.० | २,८०,०००.० |
| २०. | अन्य प्रशासनिक खर्च सबै | १,१२,६०,०००.० | ४५,८८,७७९.२३ |
| | जम्मा | १,३७,४७,०८,०००.० | ७८,१६,५१,७२०.०३ |

१५. **वडा स्तरिय योजना** निम्नानुसार चालु तथा पुँजिगतबाट २९६ वटा योजना संचालन गरेकोमा वजेट वाडफाडको विवरण पेश भएन ।

| वडा न. | कार्यक्रमको नाम | | | | | |
|---|---|---|---|---|---|---|
| | आर्थिक विकास | सामाजिक विकास | पुर्वाधार विकास | वातावरण, विपद | संस्थागत विकास, सेवा प्रवाह, सुशासन | योजना संख्या |
| वडा न. १ | १ | २ | ११ | ० | ० | १४ |
| वडा न. २ | १ | ३ | ९ | ० | ० | १३ |
| वडा न. ३ | ० | ० | १० | ० | ० | १० |
| वडा न. ४ | १ | २ | १० | १ | ४ | १८ |
| वडा न. ५ | १ | ३ | ९ | ० | ० | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा न. ६ | १ | ५ | १० | २ | १ | १९ |
| वडा न. ७ | ० | २ | ६ | ० | ० | ८ |
| वडा न. ८ | ० | ० | ७ | ० | १ | ८ |
| वडा न. ९ | ० | ३ | ८ | ० | ० | ११ |
| वडा न. १० | ० | २ | ८ | ० | २ | १२ |
| वडा न. ११ | १ | ५ | ४ | १ | ३ | १४ |
| वडा न. १२ | २ | ५ | ८ | ० | ० | १५ |
| वडा न. १३ | ० | २ | ८ | ० | १ | १२ |
| वडा न. १४ | १ | २ | ६ | ० | ० | ९ |
| वडा न. १५ | ० | ३ | १२ | ० | ० | १५ |
| वडा न. १६ | ० | १ | १२ | ० | ० | १३ |
| वडा न. १७ | ० | २ | ११ | ० | ० | १३ |
| वडा न. १८ | ० | ३ | १० | ० | ० | १३ |
| वडा न. १९ | १ | ३ | ६ | ० | ० | १० |
| वडा न. २० | ० | ० | ६ | ० | १ | ७ |
| वडा न. २१ | ० | २ | ४ | ० | ० | ६ |
| वडा न. २२ | ० | ५ | १२ | ० | १ | १८ |
| वडा न. २३ | ० | २ | १२ | ० | ५ | १९ |
| वडा न. २४ | ० | २ | ३ | ० | १ | ६ |
| जम्मा | | | | | | २९६ |
| | पालिका स्तरिय योजनाहरु | | | | | |
| | | | | | कुल जम्मा | |

१६. **सशर्त अनुदान -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले रु.२९३०४३१०।९१ खर्च नभई बाँकी रकम स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु २९३०४३१०.९१

| क.सं | अनुदानको किसिम | जम्मा अनुदान | खर्च | बाँकि (फ्रिज हुनुपर्ने) |
|---|---|---|---|---|
| १ | शिक्षा | १८०९०२००० | १५८०८०५८३.४६ | २२८२१४१६.५४ |
| २ | स्वास्थ्य | ६७७६५००० | ६३४९४४९१.५३ | ४२७०५०८.४७ |
| ३ | कृषि | २८४५००० | २०२३८४० | ८२११६० |
| ४ | उर्जा | ३००००० | ० | ३००००० |
| ५ | महिला | २३०४००० | १४८३८२४.४० | ८२०१७५.६ |
| ५ | खनेपानी तथा सरसफाई | १८००० | ० | १८००० |

| | | | | |
|---|---|---|---|---|
| ७ | अन्य | ६२७६५८३ | ६०२३५३२.७ | २५३०५०.३ |
| | जम्मा | २६०४१०५८३ | २३११०६२७२.०९ | २९३०४३१०.९१ |

१७. **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

१८. **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार नगरपालिकाको विभिन्न कर्मचारी तथा पदाधिकारीको नाममा रु.१७,६३,३५,२४५।६० पेश्कि फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

| विवरण | गत वषंको पेश्की बांकी | यस वषं फछ्यौंट | यस वर्षको थप | जम्मा |
|---|---|---|---|---|
| कमंचारी | ७०,२७,३८५।- | २०,९४,६७५।३७ | १,५६,८५,५,६५।- | २,२७,१२,९,५०।- |
| पदाधिकारी | १,०१,६००।- | ० | ४२,२८,९८५।- | ४३,३०,५८५।- |
| मोविलाइजेशन | ८,२०,०००।- | ० | ३,९७,५५,७२८।६० | ४,०५,७५,७,२८।६० |
| एल(सी( | १५,७५,०००।- | १७,५८,८७१।६३ | ८९,५४,०००।- | १,०५,२९,०००।- |
| उ(स( | १२,४७,९,८२।- | ० | ० | १२,४७,९८२।- |
| **जम्माः** | **१,०७,७१,०९,६७।-** | **३८,५३,५४७।-** | **६,८६,२४,२७८।६०** | **१७,६३,३५,२४५।६०** |

१९. **आर्थिक विवरण** : नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्दछ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।

२०. **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । त्यस्तै योजना को सम्फौता खातामा उपभोक्ता समितिको पदाधिकारीको नाम मात्र राखी आय विवरण नभर्दा योजनाको वास्तविक बस्तुस्थिती चित्रण नहुने, लागत अनुमान मध्ये उपभोक्ताले व्यहोर्ने अंश उल्लेख नगर्दा जनश्रमदान १० प्रतिशत भयो भएन एकिन गर्न नसकिने, कार्य कहिले सुरु गरी कुन मितिमा सम्पन्न हुने हो थाहा नपाउने, कार्य सम्पन्न तथा ठेक्का बिलमा अधिकांसमा कार्यकारी प्रमखबाट प्रमाणित नभएका, नापी किताबमा आवश्यक विवरण नभरेका, लागत अनुमान स्वीकृत नगरेका जस्ता कारणले योजना भए गरेरै भुक्तानी भएको हो भन्न सकिएन । अतः यस्ता कार्यमा सुधार गरी भए गरेको कार्यलाई प्रमाणीत गर्नु पर्ने र प्रकृयागत रुपमा त्रुटी हुन नदिन कार्यालयले पहल गर्नु पर्दछ ।

२१. **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीकोलागि निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारी कल्याण कोष लगायत निम्नानुसार कोषहरुको व्यवस्था गरेको देखियो । एकिकृत आर्थिक विवरणमा कोषहरुको यस वर्षको खर्च रु ६५९६७८८।६५ भई अन्तिम मौज्दात रु ५७८०६३७.६३ रहेको विवरण पेश गरेको छ । तर के कुन कोषमा कति आम्दानी खर्च भएको छ विवरण पेश भएन ।

| कोषको नाम | शुरु मौज्दात | यस वर्ष थप | यस वर्ष खर्च | वाकी |
|---|---|---|---|---|
| वातावरण व्यवस्थापन कोष | ४६११४९३.६८ | | | |
| विपत /प्रकोप व्यवस्थापन कोष | ९५४२५८.०० | | | |
| मर्मत सम्भार कोष | ४७४४६५.६७ | | | |
| कर्मचारी कल्याण कोष | ९००६०८.२२ | | | |
| गरिव निवारण तथा सामाजिक परिचालन कोष | २७१२७०.८९ | | | |
| **जम्मा** | **७२१२०९६.४६** | | **६५९६७८८.६५** | **५७८०६३७.६३** |

२२. **वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ। नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेको छैन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, र नदी सरसफाई पर्दछन् । यसरी वातावरण तथा विपत व्यवस्थापनमा रु. १,४८,७०,०००.०० बजेट व्यवस्था भएकोमा रु ८३५६१०।०० खर्च भएको विवरण पेस गरेको छ। कार्यक्रम सञ्चालन बाट भएको उपलब्धीको लेखाजोखा गरेको छैन । अतः कार्यक्रम सञ्चालन गरी प्राप्त उपलब्धीको मुल्यांक्न गर्नु पर्दछ।

२३. **सरकारी तथा सार्वजनिक जग्गाको उपयोग तथा संरक्षण** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्यि निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्यि वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएपनी त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा Digitizeगरी रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन । साथै नगरपालिकाको सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको कारणबाट सार्वजनिक,पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे नरहेको र ऐनको दफा ९७ बमोजिम नगरपालिकाले सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण गर्न लिजमा दिन नपाउने ब्यबस्था भएपनि सार्बजनिक जग्गा कसैले उपयोग गरे नगरेको एकिन हुने अवस्था देखिएन ।

२४. **करदाताको अभिलेख** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ब्यापार, ब्याबसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा ब्यबसाय कर लगाउने ब्यबस्था छ । त्यस्तै ऐनको दफा ५५,५६,५७,५९,६०,६१ र ६२ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा सम्पत्ति कर, जग्गाको उपयोगमा भुमिकर(मालपोत), कुनै ब्यक्ति वा संस्थाले भवन, घर,पसल,ग्यारेज, गोदाम, टहरा,छप्पर,कारखाना,जग्गा वा पोखरी वहालमा वहाल कर,आफुले निर्माण, रेखदेख र संञ्चालन गरेको हाट बजार, पसल र जग्गामा वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कवाडी र जिबजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने ब्यबस्था भएपनि करदाताको अभिलेख ब्यबस्थित रुपमा राखेको पाइएन ।

२५. **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको

कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।

२६. **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

२७. **आय असुलीको तुलनात्मक अवस्था** : नगरपालिकाले यस वर्ष आन्तरिक आय रु ५२०२५००० .०० -अनुमानित गरेकोमा अनुमानित आयको ९५.९५ प्रतिशत अर्थात रु ४९९२१८०८.३-गरेको छ भने लक्ष्य निर्धारण भएको शिर्षक मध्ये ३ वटा शिर्षकमा असुली भएको छैन । आय असुलिक नहुनाको कारणहरु विश्लेषण गरी सुधारका उपायहरु अबलम्बन गरेको पाइएन ।

| आय शिर्षक | अनुमानित बजेट | प्राप्त रकम |
|---|---:|---:|
| ११३१३ एकिकृत सम्पत्ति कर | ६000000.00 | ५४८९३५५.५ |
| ११३१४ भुमिकर/मालपोत | १00000.00 | १९७०४७.१० |
| ११३२१ घरबहाल कर | १000000.00 | ४६४१९३२.८५ |
| ११३२२ बहाल बिटौरी कर | ५000.00 | ६00.00 |
| ११४४३ शिक्षा सेवा शुल्क | ५00000.00 | १६५000.00 |
| ११४५१ सवारी साधन कर पटके | २५00000.00 | १५२८२४३.00 |
| ११४५२ पूर्वाधार सेवाको उपगोगमा लाग्ने कर | २0000000.00 | 0 |
| ११४७२ विज्ञापन कर | ७00000.00 | २00000.00 |
| ११४७३ अन्य मनोरञ्जन कर | ५0000.00 | 0 |
| ११६१३ व्यबसाय रजिष्ट्रेशन दस्तुर | ३000000.00 | ५00३२८७.५0 |
| ११६१४ रेडियो एफ एम सञ्चालन दस्तुर | २५0000.00 | 0 |
| ११६९१ अन्य कर | १00000.00 | ९५१0.00 |
| १४१५१सरकारी सम्पतिको बाहालबाट प्राप्त आय | १५00000.00 | १५८0६३६.0३ |
| १४२१३ अन्य बिक्रिबाट प्राप्त रकम | ५00000.00 | ५१६९९११.४६ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५00000.00 | १११५८४९३.३३ |
| १४२४२ नक्सापास दस्तुर | ५000000.00 | ३८५३0४४.९५ |
| १४२४३ सिफारीश दस्तुर | ४000000.00 | ३५७0१३0.२५ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २0000.00 | ७९९३५.00 |
| १४२४५नाता प्रमाणित दस्तर | २00000.00 | ११५३९0.00 |
| १४२४९अन्य दस्तुर | ५00000.00 | ६६९९८.१५ |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | ६00000.00 | २१८९७५३.८२ |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | ५000000.00 | ४९0२५३९.३६ |

| | | |
|---|---|---|
| | जम्मा | ५२०२५००० | ४९९२१८०८.३ |

२८. **रसिद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ ।यस पालिकाले रसिद नियन्त्रण खाताको व्यवस्था गरेता पनि १ भन्दा बढी वडालाई एउटै पानामा रसिद नम्बर उल्लेख गरी नगदी रसिद बुझाएकोले कुन वडामा कति रसिद वितरण गरीएको हो एकिन गर्न सकिएन । पालिकाले प्रत्येक वडालाई रसिद वितरण गर्दा रसिद नं. स्पष्टहुने गरी रसिद नियन्त्रण खातामा अभिलेख राखी वडागत रुपमा छुट्टाछुट्टै अभिलेख राख्नु पर्ने देखियो ।

२९. **राजश्वको सफ्टवेयर :** नगरपालिकाले राजश्व असूलीलाई व्यवस्थित बनाउन साङ्ग्रीला माइक्रोसिस्टम प्रा.लि. ले तयार गरेको MAS (Municipality Accounting System)सफ्टवेयर प्रयोगमा ल्याएको भएता पनि वडा कार्यालयहरुले मेनुअल माध्यमबाट आम्दानीको अभिलेख गरेको देखिएको छ । यस सम्बन्धमा आगामी दिनमा पूर्ण रुपमा सफ्टवेयर बाट आम्दानीको अभिलेख राखिने नगरपालिकाको भनाई रहेता पनि पुर्ण रुपमा सुरक्षित सफ्टवेयरको प्रयोग गरी राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

३०. **आय ठेक्कामा मुअकरः** मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १५ (३) मा स्थानिय तहले मुल्य अभिबृद्धि कर लाग्ने बस्तु वा सेवा बिकि गर्दा कर असुल उपर गनुपर्ने ब्यवस्था छ । लहान नगरपालिकाले देहाय आय ठेक्कामा ब्यबसायीले कबोल गरेको रकममा मुअकर आय असुली गरेकोमा मुअकर राजश्व खातामा दाखिला भएको नदेखिएकोले सम्बन्धित राजश्व खातामा दाखिला गनुपर्ने रु ३९००६३४.७

| आय ठेक्काको नाम | ठेक्काब्यबसायीको नाम | सम्झौता मिति | कबोल रकम (मुअकर बाहेक) | राजश्व खातामा दाखिला नभएको मुअकर |
|---|---|---|---|---|
| खुट्टीनदी नदीजन्य पदार्थ | खुस्बु साडी कलेक्सन एण्ड बुटिङ सेन्टर | २०७६।६।११ | १५५५५५५५५.९९ | २०२२२२२.२७ |
| नदि नियन्त्रण | पि.आर.कन्द्रक्सन | २०७५।३।३२ | १११२१५११.०० | १४४५७९६.४३ |
| पटकेसवारीकर | उमेश कुमार महतो | २०७५।५।८ | १७१७८१७.०० | २२३३१६.०० |
| विज्ञापनकर | शिब कुमार महतो | २०७५।३।३२ | १६१००००.०० | २०९३००.०० |
| | | | जम्मा | ३९००६३४.७ |

३१. **ढुङ्गा,गिटी,बालुवाको परिमाणः** नदि तथा खोलाको आइ.इ.इ .प्रतिबेदनमा बाताबरणिय दृष्टीले उत्खनन गर्न सकिने ढुङ्गा,गिटी,बालुवाको परिमाण निर्धारण गरेकोमा ठेक्का सम्झौतामा तोकेको परिमाण भन्दा बढी ढुङ्गा,गिटी,बालुवा उठाएमा प्रचलित कानुन बमाजिम कारबाही गरिने उल्लेख छ तर ठेक्काब्यबसायीले कति परिमाणको ढुङ्गा,गिटी,बालुवा निकासी गरेको हो सो परिमाण नगरपालीकामा अभिलेख भएको नदेखिएकोले प्राकृतिक श्रोत दोहनको उचित सदुपयोग हुने अबस्था रहेन ।

| आय ठेक्काको नाम | ठेक्काब्यबसायीको नाम | सम्झौता मिति | आइ.इ.इमा क्षमता परिमाण | आइ.इ.इमा उत्खनन गर्न सकिने परिमाण | सम्झौता परीमाण |
|---|---|---|---|---|---|
| खुट्टीनदी नदीजन्य पदार्थ | खुस्बु साडी कलेक्सन एण्ड बुटिङ सेन्टर | २०७६।६।११ | | ६४९३१३ घ.मी | ६४९३१३ घ.मी |

३२. **आय दाखिलाः** नगरपालिकाले यस बर्ष लगाएको आय ठेक्का सम्झौताको निर्धारित कार्यतालीका बमोजिम ठेकेदारले ठेक्का रकम दाखिला गनुपर्नेमा सम्झौता अबधि भित्र दाखिला नभइ देहाय बमोजिम असुल गर्न बाकी देखिएको छ ।सम्झौता गर्दा बैक जमानत लिइ निर्धारित किस्तामा रकम दाखिला नगरे बैक जमानत जफ्त गनुपर्नेमा बैक जमानत समेत लिएको समेत पाइएन । सम्झौताको शर्त अनुसार दाखिला १८८५५६८८.७२

नभएकोमा जरिवाना समेत हिसाब गरी असुल गर्नुपर्ने रु

| ठेकेदारको नाम | बिबरण | ठेक्का रकम( मुअकर,आयकर र दुर्गापुजासमेत) | दाखिला रकम आयखातामा | दाखिला रकम धरौटीमा | जम्मा दाखिला | असुल गर्न बाकी |
|---|---|---|---|---|---|---|
| खुस्बु साडी कलेक्सन एण्ड बुटिङ सेन्टर | खुट्टीनदी नदीजन्य पदार्थ | १८०४२४४३.०० | ९०१७७७८.०० | १२४४४४४.४८ | १०२६२२२२.४८ | ७७८०२२०.०० |
| पि.आर.कन्ट्रक्सन | नदि नियन्त्रण | १२९००९५२.०० | ६५०००००.०० | ० | ६५०००००.०० | ६४००९५२.०० |
| आर.एन.निर्माण सेवा | गुदरी हाट बजार | ३४५१५३०.०० | २३०००००.०० | ० | २३०००००.०० | ११५१५३०.०० |
| उमेश कुमार महतो | पटकेसवारीकर | १९९२६६७.७२ | १३२८४४८.०० | ० | १३२८४४८.०० | ६६४२१९.७२ |
| शिब कुमार महतो | विज्ञापनकर | १८६७६००.०० | ५७५०००.० | ० | ५७५०००.०० | १२९२६००.०० |
| श्रवण कुमार साह | खसिहाटबजार | २४२०५००.०० | ७८३३३३.०० | ७०५००.०० | ८५३८३३.०० | १५६६१६७.०० |
| जम्मा | | | | | | १८८५५६८८.७२ |

३३. **बक्यौता असुली:** नगरपालिकाले बिगत बर्ष लगाएको आय ठेक्का सम्झौताको निर्धारित कार्यतालीका बमोजिम ठेकेदारले ठेक्का रकम दाखिला गनुपर्नेमा सम्झौता अबधि भित्र दाखिला नगरी देहाय बमोजिम ३६ बर्षदेखि समेत बक्यौता रहेको छ ।सम्झौता गर्दा बैक जमानत लिइ निर्धारित किस्तामा रकम दाखिला नगरे बैक जमानत जफ्त गनुपर्नेमा नगर्ने, बैक जमानत नै नलिने र बक्यौता असुलिमा निरन्तर ताकेता नगर्नाले समेत बक्यौता रहेकोले असुल गर्नुपर्ने रु..

१४७७२३९०।१९

| ठेकेदारको नाम | कार्य/ठेक्का | रकम |
|---|---|---|
| एस(एच ए निमांण सेवा लाहन ५ | मंगल पोखरी ठेका २०७३/०७६ | ३,२१,०००।– |
| एस(एच ए निमांण सेवा लाहन ५ | मझियाइन पोखरी ठेका २०७३/०७६ | ३०,१००।- |
| एस(एच ए निमांण सेवा लाहन ५ | पाचुदास पोखरी ठेका२०७३/०७६ | ९०,१००।- |
| एस(एच ए निमांण सेवा लाहन ५ | चुनी फनैत पोखरी ठेका २०७३/०७६ | ३५,१००।- |
| एस(एच ए निमांण सेवा लाहन ५ | लवटैन पोखरी ठेका२०७३/०७६ | ७०,१०)०।- |
| एस(एच ए निमांण सेवा लाहन ५ | थनाह पोखरी ठेका२०७३/०७६ | ४५,१००।- |
| एस(एच ए निमांण सेवा लाहन ५ | ग्णेशपुर पोखरी ठेका२०७३/०७६ | ३०,१००।- |
| एस(एच ए निमांण सेवा लाहन ५ | जेटी जेटपोखरी ठेका२०७३/०७६ | ५५,१००।- |
| एस(एच ए निमांण सेवा लाहन ५ | रघुनन्दनपा पोखरी ठेका२०७३/०७६ | १,०१,०००।- |
| एस(एच ए निमांण सेवा लाहन | भौसी महतो पोखरी ठेका २०७३/०७६ | ९५,१००।- |
| एस(एच ए निमांण सेवा लाहन | ऐलानी डवरा पोखरी ठेका लहान, २०७३/०७६ | १,०१,०००।- |
| आर(एन निमांण सेवा लाहन | केशौरिया दह पोखरी ठेका२०७३/०७६ | ३६,७८६।- |
| आर(एन निमांण सेवा लाहन | गोरयाही नदी पोखरी ठेका२०७३/०७६ | १६,७८६।- |
| आर(एन निमांण सेवा लाहन | बलव)जर टोल को पोखरी ठेका२०७३/०७६ | २,१५,७८६।- |
| एस(एच ए निमांण सेवा लाहन | एकरतीया पोखरी ठेका२०७३/०७६ | २०,१००।- |
| एस(एच ए निमांण सेवा लाहन | भोलाइं साह पोखरी ठेका२०७३/०७६ | १,२१,०००।- |
| एस(एच ए निमांण सेवा लाहन | सन्यासी पोखरी ठेका२०७३/०७६ | ३५,५००।- |
| तेतर मिया) लहान १० | पटके सवारी कर २०७४/०७५ | १५,२९,९९९।- |
| मुक्तीलाल चौधरी | कल्याण दह वेली बानलहान, २०७४/०७६ | २,९०,५१५।- |
| वद्री दास | सवंजानिक ऐलानी डवरा२०७४/०७६ | १,१३,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जुगेश्वर सहनी | हिताइं पोखरी लहान २३ ,२०७४ /०७६ | १,६२,५७५।- | |
| | | सुरज निमांण सेवा लहान ,१० | परसैला पोखरी लहान २३, ,२०७४ /०७६ | १,९१,४४०।५ | |
| | | सेलेन्द्र कुमार सहनी | महाजन पोखरी २३, २०७४/०७६ | २,०५,१००।- | |
| | | सुरज निमांण सेवा लहान ,१० | पुणीं पोखरी | १,७७,७६०।५० | |
| | | उमेश प्रसाद गुप्ता | मुन्नीलाल पोखरी | २,२५,०००।- | |
| | | रामश)कर सहनी | रमेश्वर साह पोखरी | २,९०,०००।- | |
| | | जामुन सहनी | ब)कर पोखरी | ६२,५००।- | |
| | | सुरज निमांण सेवा लहान ,१० | सर्वजित पोखरी | २,७७,७०१।- | |
| | | सत्य नारायण सहनी लहान २३ | दर्पलाल पोखरी | ७५,०००।- | |
| | | नारायण सहनी लहान २३ | दर्शनिया पोखरी लहान २३ | २७,५५०।- | |
| | | राम श)कर सहनी लहान ,२३ | अजवलाल पोखरी | २,५०,०००।- | |
| | | सुरेस प्रसाद गुप्ता लहान ,२३ | जहरु साह पोखरी लहान, २३ | १,६०,५००।- | |
| | | एस( एच( ए निमांण सेवा लहान ५ | नन्दी नियण्त्रण तथा सडक ममंत स)भारसेवा शुल्क २०७४/०७५ | २६,५१,०००।- | |
| | | लहान निमांण सेवा लहान, ५ | वैलहाट पशुवजार २०७४/०७५ | २,८४,०६७।३३ | |
| | | थेपु चौधरी लहान,१ | चुी तथा सवारी कर २०३९/२०४० | ३३,२५८।९१ | |
| | | जगन मण्डल लहान,४ | बालु ढुँा ठेका २०३९/२०४० | १५,१८६।- | |
| | | मो( हासिम मिया) लहान, ५ | खसीबाखा हाटवजार२०३९/२०४० | २३,२५८।२५ | |
| | | महादेव ठाकुर लहान,९ | चुी तथा सवारी कर २०५१/२०५२ | २,७२,६६४।४५ | |
| | | दिनेश ,धिरेन | चुी तथा सवारी कर २०५२/२०५३ | १,२२,६७८।९५ | |
| | | रामदेव साह सुडी लहान,१ | सवारी कर २०५२/२०५३ | १,१३,११३।२९ | |
| | | दुखी पासमान लहान, ६ | गुदरी हाटवजार सेवा शुल्क२०५२/२०५३ | ६६,०१२।२० | |
| | | बुधन मिया) | खसीबाखा हाटवजार२०५३/२०५४ | १,७१,३४०।०१ | |
| | | रामचन्द्र खत्वे लहान,१ | गुदरी हाटवजार सेवा शुल्क२०५३/२०५४ | ३९,५०७।४० | |
| | | मो( सरीफ त( गोविन्दपुर | खसीबाखा हाटवजार२०५४/२०५५ | ६५,०४९।०७ | |
| | | दुखी मिया) लहान ,९ | वैलहाट पशुवजार२०५५/२०५६ | २०,६१६।- | |
| | | योगेन्द्र पासमान लहान, १० | खसीबाखा हाटवजार२०५६/२०५७ | ८२,८७६।३४ | |
| | | श्याम कुमार मण्डल लहान, १० | वैलहाट पशुवजार२०५६/२०५७ | ४१,२७३।३२ | |
| | | गफुर मिया) लहान, २ | गुदरी हाटवजार सेवा शुल्कर२०५७/२०५८ | २,५२,०१९।- | |
| | | सोनाइ राय अमात्य लहन,५ | खसीबाखा हाटवजार२०५८/२०५९ | ५९,७४५।- | |
| | | अल्लाह उदिन मिया) लहान, ५ | गुदरी हाटवजार सेवा शुल्करर२०५८/२०५९ | ११,०३३।४३ | |
| | | उमान्नद चौधरी लहान, ९ | पोखरी ठेका०५८ /२०५९ | १४,२८१।- | |
| | | इनुस अली लहान, ९ | खसीबाखा हाटवजार२०५९/२०६० | १७,५००।- | |
| | | रियाजुदिन मिया) लहान,१९ | गुदरी हाटवजार सेवा शुल्कर०६३/२०६४ | २३,१५१।- | |
| | | रयाजुदिन मिया) लहान,१९ | पटकेसवारी ०६३ /२०६४ | २३,८५१।- | |
| | | रयाजुदिन मिया) लहान,१९ | खसीबाखा हाटवजा०६३ /२०६४ | ५०,४५१।- | |
| | | रयाजुदिन मिया) लहान,१९ | पकं ममंत ०६३ /२०६४ | २३,८५१।- | |
| | | राकेश कुमार गुप्ता लहान, ७ | खुटीबलान ठेका०६३ /२०६४ | १,०३,०००।- | |
| | | टिका बहादुर राउत लहान, १५ | गुदरी हाटवजार सेवा शुल्कर०६४/२०६५ | ४४,५४५।- | |
| | | कोशेन्द्र ना(राम मुक्सार | पटकेसवारी ०६५ /२०६६ | १,६३,३३३।- | |
| | | मनोज कुमार साह | पकं ममंत ०६५ /२०६६ | १,९८,५१७।- | |
| | | कोशल कुमार महासेठ लहान, ७ | खसीबाखा हाटवजार२०६६/२०६७ | २,८९,४६०।३३ | |
| | | अबदुल सकुर लहान , ७ | गुदरी हाटवजार सेवा शुल्कर०६६/२०६७ | २,२८,९२९।- | |
| | | अबदुल सकुर लहान , ७ | पटकेसवारी०६६ /२०६७ | २३,४६४।२५ | |
| | | नथुनी मिया) पन्सेरा सप्तरी | वैलहाट पशुवजार२०६५/२०६८ | १,४३,५००।- | |
| | | सरस्वती आमा समुह लहान, १ | मुसहरीपुर पोखरी०६७ /२०७० | १९,०००।- | |

| | | |
|---|---|---|
| सुनील साह लहान, १ | मुसहरीपुर पोखरी०७० /२०७३ | १८,६३६।- |
| आर(ऐन( निमांण सेवा लहान, ४ | गुदरी हाटवजार सेवा शुल्कर०७३/२०७४ | ३,०३,६६६।६६ |
| बनवल मिया) लहान ,१० | खसीबाखा हाटवजार२०७२/२०७३ | ३,५४,७४४।- |
| बद्री महतो लहान, २३ | गुदरी हाटवजार सेवा शुल्कर०७२/२०७३ | ८८,३७७- |
| मो( रहमुल मिया) लहन ४ | गुदरी हाटवजार सेवा शुल्क०७४/२०७५ | १५,०७,३३३।३४ |
| मो.इसराफिल सिदिकि लहान, ५ | खसीबाखा हाटवजार२०७४/२०७५ | १३,४९,७०१।६६ |
| | जम्मा | १४७७२३९०।१९ |

३४. **नगद दाखिला :** आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ । पालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला नभई मौज्दात रहेकोले दाखिला गरेको प्रमाण पेश गनुपर्ने रु १०१७६६०.९६

| बिबरण | असुली रकम | दाखिला रकम | दाखिला नभएको रकम |
|---|---|---|---|
| नगरपालिकास्तर(नगदी रसिद) | ४३९९५२०७.५८ | ४२९७७५४६.६२ | १०१७६६०.९६ |
| | | | १०१७६६०.९६ |

३५. **नगद दाखिलाः** आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ । यस पालिकाको निम्न लिखित वडाहरुबाट लेखापरीक्षणको लागि पेश भएका नगदी रसिद र आम्दानी दाखिला गरेको गोश्वरा भौचरको प्रविश्टी भिडाउँदा आम्दानी गरीएको जम्मा रकमभन्दा बैङ्क दाखिलाको रकम बढी देखिएकोले वास्तविक आम्दानी पालिकाको संचित कोषमा दाखिला भएको हो भन्ने एकिन गर्न नसकिएकोले पालिकाले सम्बन्धित वडा कार्यलयको आम्दानी र संचित कोष दाखिलाको सम्बन्धमा छानविन गरी वास्तविक आम्दानी र सो वरावरको रकम संचित कोषमा दाखिला भए-नभएको एकिन गर्नुपर्ने देखियो ।

| वडा नं. | असुली रकम | दाखिला रकम | बढी दाखिला |
|---|---|---|---|
| १ | ३६५४६१ | ५५४९५१ | १८९४९० |
| २ | ८४२३९ | ९०९९० | ६७५१ |
| ३ | ३१९५९९ | ३५३७८५ | ३४१८६ |
| ४ | १७७६७६ | ३०५३९३ | १२७७१७ |
| ५ | १०७८२४ | १४०८८७.७५ | ३३०६३.७५ |
| ६ | १०१४१२ | १२२९१० | २१४९८ |
| ७ | ८१४७४ | १३३२७८ | ५१८०४ |
| ८ | ११९५८१.५० | १४५०६६ | २५४८४.५० |
| ९ | ५२६१० | ५९०५० | ६४४० |
| १२ | १६७४०५ | १८२३३५ | १४९३० |
| १६ | ५८३२० | ६५६४० | ७३२० |

| | | | |
|---|---|---|---|
| १७ | ९०१९० | १६०६७५ | ७०४८५ |
| जम्मा | १७२५७९१.५ | २३१४९६०.७५ | ५८९१६९.२५ |

३६. त्यसैगरी यस पालिकाको निम्न लिखित वडाहरुबाट लेखापरीक्षणको लागि पेश भएका नगदी रसिद तथा मालपोत रसिद र आम्दानी दाखिला गरेको गोश्वरा भौचरको प्रविश्टी भिडाउँदा आम्दानी गरीएको जम्मा रकमभन्दा बैङ्क दाखिलाको रकम कम देखिएकोले वास्तविक आम्दानी पालिकाको संचित कोषमा दाखिला भएको हो भन्ने एकिन गर्न नसकिएकोले पालिकाले सम्बन्धित वडा कार्यलयको आम्दानी र संचित कोष दाखिलाको सम्बन्धमा छानविन गरी वास्तविक आम्दानी र सो वरावरको रकम संचित कोषमा दाखिला भए-नभएको एकिन गरी कम दाखिला भएको रकम सम्बन्धित जिम्मेवार कर्मचारीबाट असुल उपर गर्नुपर्ने रु. ७६८६३

| वडा नं. | असुली रकम | दाखिला रकम | कम दाखिला |
|---|---|---|---|
| १८ | २०११८० | १८५९९० | १५१९० |
| २१ | १४०१३९ | १३८८३६ | १३०३ |
| २२ | २१७८७० | १५७५०० | ६०३७० |
| जम्मा | ५५९१८९ | ४८२३२६ | ७६८६३ |

वडा नं. १०, ११, १३, १४, १५, २०, २३ र २४ को वडागत आम्दानीको श्रेष्ता लेखा परिक्षणको क्रममा पेश हुन नआएकोले सो वडाहरुको आम्दानी र आम्दानी दाखिलाको सम्बन्धमा एकिन गर्न सकिएन । सो सम्बन्धमा नगरपालिकाले छानविन गरी आम्दानी एकिन गर्नुपर्ने देखियो

३७. **आन्तरिक आम्दानी**: बार्षिक कार्यक्रमका हरेक आम्दानि खर्चका शीर्षकहरुलाई बर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम गर्नु पर्ने व्यबस्था भएपनि गाउँसभाबाट स्विकृत बार्षिक कार्यक्रमको आम्दानि खर्चका प्रत्येक शिर्षकलाई नगरपालिकाले लेखाङ्कन गर्दा राखेका शिर्षकहरु संग भिडान हुने गरी नेपाल सरकारले निर्धारण गरे बमोजिम संमाहित गर्नु पर्नेमा आम्दानी खर्च लेखाङ्कन गर्दा आम्दानी खर्चका शिर्षकहरु सोझै भिडान हुने गरेको पाईएन ।

३८. **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई २०७५।४।१ देखि सवै पालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विस्वासनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले नगरपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन ।

३९. **सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सावंजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागतलगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेकोछ । यि प्रावधान अनुसार नगरपालीकाले आ.व. २०७५/७६ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र वेभसाइडमा अपलोड गरेको छैन ।

४०. **योजना र कार्यान्वयन**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस्तो कार्य कार्यन्वयनमा ल्याएको छैन । जस्तैः जनजाती जनचेतना अभिवृद्धि, जेष्ठ नागरीक सम्मान, झुल वितरण, मेयर गोल्ड कप जस्ता साल बसाली कार्यमा समेत बजेट विनियोजन गरी खर्च गरेको छ ।

| | | |
|---|---|---|
| ४१. | **आन्तरीक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ९६ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले आन्तरिक लेखापरीक्षण गराएकोमा प्रभावकारी छैन । त्यस्तै नेपालको सार्वजनिक क्षेत्र लेखामान मापदण्ड (NEPSAS) म.ले.प.फ.नं. २७२ तयार गरेको छैन । | |
| ४२. | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७५।०३।१४ मा सम्पन्न नगरपालिका सभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को फलो अफ रजिष्टरमा अभिलेख राखेको छैन । सभावाट वजेट पारित हुदा मेयरलाई १ करोड उप मेयरलाई ३० लाख र प्रत्यक वडाध्यक्षलाई रु ५ लाखका दरले आफु खुसी योजना छनोट गरी कार्यान्वयन गर्न सक्ने गरी वजेट विनियोजन गरेको छ । सो रकम वाट के कुन कस्ता कति योजना सन्चालन र सम्पन्न भए पालिकाले फलो अफ रजिष्टर नराखेकाले योजनाको विश्लेषण गर्न सकिएन । पालिकाले अभिलेख नराखेकोले वास्तविक योजना कार्यन्वयनको विश्लेषण गर्न सकिएन । | |
| ४३. | **ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) चालु**<br>**समानिकरण अनुदानका प्रार्थमिकता क्षेत्रः** राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले स्थानिय तहको आ.व. २०७५।७६ को लागी समानिकरण अनुदान सम्बन्धि सिफरिशको बुदा ५.२ मा समानिकरण बापत स्थानिय तहलाइ प्राप्त भएको रकम अध्ययन भ्रमण, बैदेशिक भ्रमण र अन्य प्रशासनिक वा सञ्चालन खर्चका लागी बिनियोजन नगरी विकास निर्माणमा खर्च गर्ने गरी प्राथमिकता निर्धारण गनूपर्ने ब्यबस्था छ । सो अनुसार नगरेको उदाहरण यस प्रकार छ ।<br>**ब.उ.शि.न.** — **गो भौ नं./ मिति/खर्च शिर्षक** — **विवरण/खर्च विषय** — **खर्च रकम**<br>समानिकरण अनुदानका चालु — ५९७/२०७५.११.१३ — वडा सदस्यहरुको पोखरा अवलोकन भ्रमण — ५६९००० | |
| ४४. | **खरिद योजना** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ उपनियम (१) मा सार्वजनिक निकायले बार्षिक दशलाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यबस्था छ । त्यस्तै सोहि नियमको उपनियम (५) मा सार्वजनिक निकायप्रमुखले चालु आ.व.को स्विकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि सो अनुरुप यो नियम बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गनुपर्ने ब्यबस्था छ । सो अनुसार गरेको छैन । पालिकाको कार्यालय सञ्चालन तथा मसलन्दमा सम्बन्धित बार्षिक बजेट रु १७०८६०००।०० व्यवस्था भएपनि बार्षिक खरिद योजना तयार नगरी पटक पटक टुका खरिद गरी रु.९२,१४,४१६।०० खर्च लेखेको छ । कानून बमोजिम बार्षिक खरिद योजना तयार गरी खरिद कार्य गरिनुपर्दछ । | |
| ४५. | **सडक पोल वत्ती (स्ट्रिट लाईट)** पालिकाले सडकचोकहरुमा सडक पोल वत्ती (स्ट्रिट लाईट) व्यवस्थापन गर्न बार्षिक खरिद योजना तयार नगरी, लागत अनुमान नगरी तथा वोलपत्र प्रतिष्प्रधा वेगर मिति २०७५.६.१५ को कार्यपालिकाको निर्णय अनुशार प्रति पोलमा वत्ती जडान गर्न रु ५००.०० का दरले वडाहरु मार्फत पटक पटक गरि २६ पटकमा रु.३३३०९०३। भुक्तानी दिएको पाईयो । कानून बमोजिम बार्षिक खरिद योजना तथा एकमुष्ट लागत अनमान तयार गरी, वोलपत्र प्रतिष्प्रधा गराएर मात्र खरिद कार्य गरिनुपर्दछ । | |
| ४६. | **तलवी प्रतिबेदन** : यस नगरपालिकामा स्वीकृत दरबन्दीमा कार्यरत रहेका कर्मचारीहरुको निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ बमोजिम तथा स्थानिय सरकार संचालन ऐन बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । निजामति कर्मचारीको पनि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पास गराएर तलब भत्ता खर्च लेख्नु पर्नेमा सो वेगर रु २०३७८८९९१।१२ खर्च लेखेको | |

पाईयो ।

४७. **वोर्डिङ पास** <u>**३८८।२०७५।८।५**</u>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । यस पालिका बाट मुगुको छाँयानाथ नगरपालिकामा सरुवा भएका प्रमुख प्रशासकिय अधिकृत तिर्थराज भट्टराईले पेशगरेको भ्रमण खर्चको विलमा ५ जना परिवारका सदस्य समेतको हवाईजहाज भाडा रु ६००००।०० भुक्तानी लिएको पाईयो । निजले पेश गरेको भ्रमण विलसंग हवाई टिकट र वोर्डिङपास संलग्न नभएकोले हवाई टिकट र बोर्डिङ्ग पास समेतको भ्रमण विल पेश हुनु पर्ने रु ...... ६००००।००

४८. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. २ को प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार लहाननगरपालिकाले देहाय बमोजिम रु. १,७३,०१,४१७-सुविधावापत भुक्तानी भएको छ ।

| सि. नं. | विवरण | प्रमुख/अध यक्ष | उपप्रमुख | वडाअध्यक्ष २४ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ९५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ४,२०,०० ०।- | ३,७२,०० ०।- | ५८,१७,४१ ७।- | २१,१२,०००। - | ७९,८०,०० ०।- | १,६७,०१,४ १७।- |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | ० | ० | ३,६०,०००। - | ० | ० | ३,६०,०००। - |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | - | - | - | - | - | १८,३५,०० ०।- |
| ४ | खानेपानी, बिजुली महसुल (मासिक) | - | - | - | - | - | २,४०,००० ।- |
| | **जम्मा** | ४,२०,०० ०।- | ३,७२,०० ०।- | ६१,७७,४१ ७।- | २१,१२,०००। - | ७९,८०,०० ०।- | १,७३,०१,४ १७।- |

४९. **वैठक भत्ता:** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा न्यायिक समिति वा कुनै समितिको वैठकमा भाग लिएवापत अनुसुचि १ मा उल्लेख भएको दरले मात्र भत्ता लिनुपर्ने साथै सो अनुसुचिमा उल्लेख भएका समिति वाहेक अन्य वैठकहरुमा भत्ता लिन नपाउने व्यवस्था छ । पालिकाका पदाधिकारीहरुलाइ वैठकमा भाग लिए वापत देहाय भौचरबाट कानुन विपरित वैठक भत्ता भुक्तानी भएकोले उक्त ऐनमा व्यवस्था नभएको भत्ता भुक्तानी कार्य नियमित मान्न नसकिएको रु.. २००५०००/००

| वडा.नं | गो.भौ.नं /मिति | बिबरण | वापत | बैठकभत्ता |
|---|---|---|---|---|
| १ | १६४/२०७५.६.२ ४ | वडानं१,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ९ | वडासमितिको वैठक | ५४००० |
| २ | १६४/२०७५.६.२ ४ | वडानं२,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ९ | वडासमितिको वैठक | ५४००० |
| ३ | ५०३/२०७५.१०. १६ | वडानं३,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ९ | वडासमितिको वैठक | ५०००० |
| ४ | ५०२/२०७५.१०. १६ | वडानं४,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ५०००० |
| ५ | ३४३/२०७५.७.३ ० | पदाधिकारी५, वैठक संख्या ९ | वडासमितिको वैठक | ४५००० |
| „ | ३४५/२०७५.७.३ ० | पदाधिकारी५, वैठक संख्या ३ | वडासमितिको वैठक | १५००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ६ | ९९०/२०७६.३.१६ | वडानं६,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ९ | वडासमितिको वैठक | ५४००० | | |
| | | ७ | ३८६/२०७५.८.६ | वडानं७,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या १२ | वडासमितिको वैठक | ७२००० | | |
| | | ८ | ३४४/२०७५.७.३० | वडानं८,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ९ | वडासमितिको वैठक | ५०००० | | |
| | | ,, | ३४६/२०७५.७.३० | वडानं८,पदाधिकारी५,कर्मचारी१ , वैठक संख्या ७ | वडासमितिको वैठक | २२००० | | |
| | | ९ | १२०२/२०७६.३.३१ | वडानं ९,पदाधिकारी ५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ५४००० | | |
| | | १० | ३६५/२०७५.८.२ | वडानं१०,पदाधिकारी५,कर्मचारी१ , वैठक संख्या ९ | वडासमितिको वैठक | ५४००० | | |
| | | ,, | विभिन्न | वडाबाट प्राप्त विवरण एकमुष्ट | वडासमितिको वैठक | १०६००० | | |
| | | ११ | ६१५/२०७५.११.१५ | वडानं ११,पदाधिकारी ५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ४८००० | | |
| | | १२ | १४६ /२०७५.५.१६ | वडानं १२,पदाधिकारी ५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ४८००० | | |
| | | १३ | १४७/२०७५.५.१६ | वडानं१३,पदाधिकारी ५,कर्मचारी १, वैठकसंख्या ८ | वडासमितिको वैठक | ४८००० | | |
| | | ,, | ५२९।२०७५.१०।२९ | वडानं१३,पदाधिकारी ५,कर्मचारी १, वैठकसंख्या ८ | वडासमितिको वैठक | ४८००० | | |
| | | १४ | १४७/२०७५.५.१ | वडानं १४,पदाधिकारी ५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ४८००० | | |
| | | ,, | ५३०।२०७५.१०।२९ | वडानं १४,पदाधिकारी ५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ४८००० | | |
| | | १५ | १७६/२०७५.६.२५ | वडानं१५पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ४८००० | | |
| | | ,, | वडाबाट प्राप्त विवरण | वडानं१५पदाधिकारी५,कर्मचारी १, वैठक संख्या १ | वडासमितिको वैठक | ६००० | | |
| | | १६ | ६१२/२०७५.११.१४ | वडानं१६,पदाधिकारी५,कर्मचारी१ , वैठक संख्या ९ | वडासमितिको वैठक | ५४००० | | |
| | | १७ | ६१५/२०७५.११.१५ | वडानं१७पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ४८००० | | |
| | | १७ | ६२७/२०७५.११.२० | वडानं१७पदाधिकारी५,कर्मचारी१ , वैठक संख्या ९ | वडासमितिको वैठक | ५४००० | | |
| | | १८ | १११०-२०७६/३/३१ | वडानं१८,पदाधिकारी५,कर्मचारी१ , वैठक संख्या ९ | वडासमितिको वैठक | ५४००० | | |
| | | ,, | विभिन्न | वडानं१८,पदाधिकारी५,कर्मचारी१ , वैठक संख्या २६ | वडासमितिको वैठक | १६०००० | | |
| | | १९ | १२०२-२०७६/३/३१ | वडानं१९,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ४८००० | | |
| | | २० | ५४२/२०७५.१०.२४ | वडानं२०,पदाधिकारी५,कर्मचारी१ , वैठक संख्या ९ | वडासमितिको वैठक | ५४००० | | |
| | | २१ | ५४२/२०७५.१०.२४ | वडानं२१पदाधिकारी५,कर्मचारी१ , वैठक संख्या ९ | वडासमितिको वैठक | ५४००० | | |
| | | २२ | २४६/२०७५.६.२८ | वडानं२२,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ४८००० | | |
| | | ,, | वडाबाट प्राप्त विवरण | वडानं२२,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या४ | वडासमितिको वैठक | २४००० | | |
| | | २२ | ४०६/२०७५.८.५ | वडानं२२,पदाधिकारी५,कर्मचारी १, | वडासमितिको वैठक | २२००० | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | वडाबाट प्राप्त विवरण | पदाधिकारी५,कर्मचारी १, वैठक १६ | वडासमितिको वैठक | १०००० |
| २४ | १०८७/२०७६.३.२८ | वडानं२४,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या ८ | वडासमितिको वैठक | ४८००० |
| २५ | वडाबाट प्राप्त विवरण | वडानं२४,पदाधिकारी५,कर्मचारी १, वैठक संख्या१ | वडासमितिको वैठक | ६००० |
| ,, | २६३।२०७५.६.२८ | कार्यपालिका वैठक ३४ पदाधिकारी ६वैठक,२चारी५वैठक, | कार्यपालिका वैठक | २०९००० |
| | | | जम्मा | २००५०००० |

**५०.** **कर्मचारी अतिरिक्त खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय तहका कर्मचारकिो सेवासुविधा प्रदेश सरकारले तोकेवमोजिम हुने र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ । कार्यालयले यस वर्ष नेपाल सरकार तथा प्रदेश सरकारले व्यवस्था गरेको भन्दा बाहेक प्रोत्साहन भत्ता (अतिरिक्ति समय भत्ता) देहाय बमोजिम खर्च लेखेको देखियो । नेपाल सरकारले कर्मचारीलाई कार्य गरे वापत मासिक तलव भत्ताको व्यवस्था गरेकोमा अतिरिक्त समय कार्य गरे वापत खर्च लेख्न मिल्ने कानुनी आधार नभएका अवस्थामा १८ कर्मचारीको लागि मासिक पेरोलमा महंगि भत्ता महलमा समावेश गरी मासिक रु ५००००।०० का दरले वार्षिक रु ६०००००।०० सोको अतिरिक्त खर्च लेखेको तथा अतिरिक्त समय काम गरेको अभिलेख नराखि रकम दिनु नियम सम्मत नदेखिएको रु.... ६०००००।००

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | बिबरण | अवधि | वापत | प्रोत्साहन भत्ता |
|---|---|---|---|---|---|
| वित्तीय सामान्यिकरण चालु | विभिन्न | १८ कर्मचारीको वार्षिक | आ.व.पुरै | अतिरिक्त समय काम गरेका | ६०००००।०० |

**५१.** **पूजिगत प्रकृतीका खर्च :** नगरसभाबाट वार्षिक विनियोजन गरे बमोजिम निकासालिई चालु प्रकृतिका खर्चहरु चालु शिर्षकबाट सोही प्रयोजनमा तथा पुजिगत प्रकृतीका खर्चहरु पूजिगत शिर्षकबाट सोही प्रयोजनमा खर्च गर्नुपर्नेमा नमुना छनौटका आधारमा परीक्षण गर्दा निम्नानुसार पूजिगत प्रकृतीका खर्च चालु खर्च शिषकबाट गरेको पाइयो । यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ । अत सम्बन्धित खर्च शिषक बाट खर्च लेख्नु पर्दछ ।

| गौ.भौ.न.र मिति | पूजिगत प्रकृतीका खर्चहरु | खर्च रकम |
|---|---|---|
| ९६५/२०७६.३.९ | ट्यूववेल निर्माण | १७३९२५ |
| ९७७/२०७६.३.१२ | ए.सि.,टिभि जडान वडा नं ६ | १४९९०० |
| ११ १३/२०७६.३.१२ | सडक ढलान तथा ईगाद गेट निर्माण | १५८२३६ |
| १०००. /२०७६.३.२० | वेताहा हे.पो. निर्माण | १००००० |
| ११३७. /२०७६.३.३१ | सडक सुधार मटिया टोल | १८८१४३ |
| ११४८. /२०७६.३.३१ | सडक उकास तथा पक्कि नाला | २००००० |
| १११४/२०७६.३.३१ | फर्निचर खरिद | ११२९९४ |
| ११२१. /२०७६.३.३१ | ए.सि. जडान | १२५००० |
| ११७७. /२०७६.३.३१ | दलित पाहुना भवन निर्माण | १९४४६५ |
| १०६६. /२०७६.३.३१ | वडा.नं १५मा वाटो निर्माण | १००००० |
| ९३२. /२०७६.३.२ | निर्माण सामाग्रि खरिद | १००१२८ |
| ९३४. /२०७६.३.२ | शिव चोक सडक मर्मत | ५०००० |
| १०६६. /२०७६.३. | वडा.नं १५मा वाटो निर्माण | १००००० |
| १०२४ /२०७६.३.१९ | वडा.नं १४मा वाटो निर्माण | ७८७५२ |

| | | |
|---|---|---|
| १०५५ /२०७६.३.२२ | वडा.नं १५मा वाटो निर्माण,मर्मत | ९७४२५ |
| १०८० /२०७६.३. | डिहवार कुलो मर्मत | ९९८५२ |
| ११७३. /२०७६.३.३१ | पक्किनाला,सडकमर्मत,सामुदायिक भवन मर्मत ल.न.पा.१ | १९७००० |
| | | २२२५८२० |

| | | |
|---|---|---|
| ५२. | **ऋण भुक्तानीः** ५४१।२०७५।१०।२२स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम पालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि ऋण लिन सक्ने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष ऋण भुक्तानी वापत नगर विकास समित काठमाण्डौलाई रु १४३९१२२।९३ खर्च लेखेको छ । सो खर्च रकम एकिकृत आर्थिक विवरणमा खुलाई समावेस गरेको छैन । ऋण सम्झौता, सम्झौताका शर्तहरु, व्याज, हर्जना, सावा वापत के कति भुक्तानी गरेको हो खुल्ने प्रमाण लेखापरिक्षणको लागि पेश हुन आएन । तसर्थ प्रमाण पेश हुनु पर्ने रु... | १४३९१२२।९३ |
| ५३. | **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीकोलागि निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ। पालिकाले गत विगत वर्ष र यो वर्ष समेत गरी सेवा निवृत भएका १६ जना कर्मचारीलाई वित्तीय सामान्यिकरण चालुबाट रु १,११,८६,३७१।०० भुक्तानी दिएको छ । उपदान भुक्तानीको कानुनी व्यवस्था, कर्मचारीहरुको व्यक्तीगत विवरण खुल्ने सिटरोल सम्बन्धि फाईल, उपदान गणना, गणनाको आधार पेश हुन आएन । विवरण पेश नहुदा कर्मचारीको उमेर, सेवा बाट अलग हुनु पूर्वको खाईपाई आएको तलव, संचित विदा ,सेवा अवधि, सेवा वाट अलग हुंदा पाउने सुविधा रकम, गत विगतमा भुक्तानी लिएको रकम आदी खुल्ने अभिलेख, कर्मचारी सूचना प्रणाली पि.आई.एस. तयार गरी भुक्तानी दिनु पर्नेमा अभिलेख वेगर भुक्तानी दिएकोले अभिलेख विवरण पेश हुनु पर्ने रु ............... | १,११,८६,३७१।०० |
| ५४. | **परामर्श दाताबाट कार्य विवरण** : ९७८।२०७६।३।१२सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्ती बाट हुन नसक्ने काममा परामश लिन सकिने तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६९ क मा परामर्शदाताको त्यस्तो कामको पृष्ठभूमि र विषेषज्ञता समेतलाई विचार गरी कार्यक्षेत्रगत शर्त तयार गरी सोहि आधारमा परामर्श दाता छनौट गर्नु पर्ने उल्लेख छ । पालिकाले आफ्नो कार्यालयको कामको प्रकृती अनुशार आफै कर्मचारीको कार्यविवरण तयार गर्न सक्ने अवस्थामा भए आफै र नसक्ने अवस्थामा सम्वन्धित विषयको विशेषज्ञता भएको परामर्श दाताबाट सेवा लिनु पर्नेमा व्यापार तथा ईन्जिनियरिङ्ग सेवा सम्बन्धि काम गर्ने परामर्श दाता स्टार ट्रेड एण्ड ईनिजिनियरिङ प्रा.लि थापागाँउ काठमाण्डौंबाट कर्मचारीहरुको कार्य विवरण तयार गर्न भुक्तानी गरेको रु. ४९८८९५।०० नियमित नदेखिएकोले नियमित हुनुपर्ने रु........................... | ४९८८९५।०० |
| ५५. | **मु अ कर असुल हुनु पर्ने** १९८।२०७६।३।१२ मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५(१) मा दर्ता नभएको ब्यक्तिले कर असुल गरेको देखिने कुनै बिजक वा कागजात जारी गर्न र कर उठाउनु हुदैन । त्यस्तै दफा १५(२) मा दर्ता नभएको कुनै ब्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल उपर गरिनेछ। त्यस्तै मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ३२(१) मा दर्ता नभएको कुनै ब्यक्तिले कर उठाएमा निजले ऐनको दफा १५(२) बमोजिम उठाएको करको निर्धारण नियम २९ मा उल्लेख भए बमोजिमको प्रकृया अपनाई करको निर्धारण गरिनेछ। सोही नियमको उप नियम २ मा उपनियम १ बमोजिम निर्धारण गरिएको कर त्यस्तो कर उठाउने दर्ता नभएको ब्यक्तिले कर निर्धारण आदेश जारी भएको मितिले १५ दिन भित्र बुझाउनु पर्ने ब्यबस्था छ। कार्यालयमा कार्यरत कर्मचारी कार्य विवरण तयार गर्ने परामर्शदाता | |

| | | |
|---|---|---|
| | स्टार ट्रेड एण्ड इन्जिनियरिङ्ग प्रा.ली. को मू.अ.करमा दर्ता नभएको फर्मले कार्य गर्दा मू.अ.कर बिजक जारी गरी मू.अ.कर रु ५७३९५।०० गैन्ह कानुनी रुपमा भुक्तानी भएकोले निजबाट कर निर्धारण गरी असुल हुनुपर्ने रु.. | ५७३९५।०० |
| ५६. | **गत वर्षको दायित्व भुक्तानी** : ७-२०७५।०४।२७आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४०(७) मा चालु वर्षको वजेटले नखाम्ने अवस्थामा आगामि वर्षमा भुक्तानी दिनुपर्ने कारण खोलि विल भर्पाई सहित भुक्तानी दिन वाँकिको कच्चावारी प्रमाणित गराई भुक्तानि दिनुपर्ने उल्लेख छ । पालिकाले भुक्तानी दिन वाँकिको कच्चावारी प्रमाणित नगराई करारसेवाका ८ जना कर्मचारीहरुको २०७५ आषढको सेवा सुल्क रु ११५०००।०० भुक्तानि दिएको पाईएकोले नियमित नदेखिएको रु ............ | ११५०००।० |
| ५७. | **विद्युत पानी महसुल जरिवाना** : समयमा महसुल बुझाई छुल लिनुपर्नेमा पालिकाले निम्न गोश्वरा भौचर र मिति बाट विलम्व दस्तुर थप समेत विद्युत महसुल तिरेको पाईयो । प्रयाप्त बजेट रहेको अवस्थामा समयमा नै महसुल बुझाई मितव्ययिता कायम गर्नुपर्नेमा कायम गर्न नसक्दा थप व्ययभार पर्न गएको रु | ८१९३६ |

| गो.भौ.न.र मिति | महसुल तिर्नु पर्ने महिना | विल रकम | विलम्ब दस्तुर |
|---|---|---|---|
| ३४१/२०७५.७.३० | २०७५असौज | ११२००० | २८००० |
| ९६४/२०७६.३.९ | २०७६ वैशाख | २१९० | ५४७ |
| ९९५/२०७६.३.१७ | २०७५चैत्त ,२०७६ वैशाख | १२३८८८ | ३०९७ |
| १०१९/२०७६.३.१९ | २०७६ वैशख /जेठ | १६२० | ४१५ |
| १०१९/२०७६.३.१९ | २०७६ जेठ | २८९५ | २८९ |
| १०७०/२०७६.३.२६ | २०७६ जेठ,असार | १२५०४१ | ३१२६० |
| १००१/२०७६.३.१८ | २०७५मसिर | ७२३३ | १८०८ |
| ९९१/२०७६.३.१९ | पानि महसुल वक्यौता | ३३०४० | १६५२०अ |
| | | | ८१९३६ |

| | | |
|---|---|---|
| ५८. | **वडाको सामान खरिद** पालिकाले आफु मातहतको वडाहरुको लागि आवश्यक सामान पालिकाको एकिकृत जिन्सी खातामा दाखिला गर्नु पर्नेमा सो नगरीवडा अध्यक्ष तथा सचिव लाई भपाई गराई वडा कार्यालयमा दाखिला गरेको आधारमा रकम भुक्तानी गर्ने गरेको छ। वडामा दाखिला भएका सामानहरु पालिकामा समेत आम्दानी वाधि एकिकृत जिन्सी विवरण राख्नु पर्नेमा सो गरेको पाइएन । यसका केही उदाहरण | |

| भौनं | वडा नं | समानको विवरण | परिमाण | मूल्य |
|---|---|---|---|---|
| १००३/२०७६ .३ .१८ | १० | सोफासेट | १ | ४१८१० |
| १९७६/२०७६ ..३.२६ | १९ | ईन्भटर,प्रिन्टर,साईकल | ३ | २०४४२७.३९ |
| १२३२/२०७६.३.३१ | १ | दराज १,र्याक २,घुम्ने कर्चि १,फाईडि क्वीविनेट,टेवुल,डलफिन कुर्चि १० | १७ | १४५०९२ |
| १२३४/२०७६.३.३१ | १६ | घुम्ने कर्चि२,,,सोफासेट १, टेवुल१,दराज ६६” १ | ४ | १४६००० |
| ,, ,, | ३ | ट्यूवलर ब्याट्री २,यू.पि.एस १ | ३ | ९८४९९ |
| १२३६/२०७६.३.३१ | | कम्पयूटरटेवुल१,,,सोफासेट १, दराज २, र्याक१ | ४ | १४६३९५ |
| १२००/२०७६.३.३१ | ५ | टेवुल १ | १ | २५००० |
| १३१३/२०७६.३.३१ | २ | ब्याट्री ३,सि.सि.क्यामरा३, इन्भटरर १ | ७ | १२९४१४ |
| १२१६/२०७६.३.३१ | | साईकल १३,झोला ६६ | ९९ | १५६६०० |
| १२१७/२०७६.३.३१ | ४ | फ्रिज १,एल.ई.डि.टि.भि १ | २ | ६३२२० |
| १२२०/२०७६.३.३१ | २ | डलफिन कुर्चि २०, ५४” टेवुल १,र्याक १,स्टेण्ड पंखा २,दराज १, घुम्ने कुर्चि १ | २४ | १४५९९३ |

| | | | | |
|---|---|---|---|---|
| १२२१/२०७६.३.३१ | २० | प्रिनटर १,वायोमेट्रिक एटेण्डेन्स१, ए.सि १ | ३ | ८१९३५ |
| १२२२/२०७६.३.३१ | ९ | ,साईकल १ , सिलिङ पंखा७, झोला ३,राउण्डटेवुल ८,दराज ६६" २ | २१ | १२८०६९ |
| १२२३/२०७६.३.३१ | २१ | १,,,सोफासेट१,टि टेवुल १, घुम्ने कुर्चि १ | ३ | १५०००० |
| १२२४/२०७६.३.३१ | ११ | सोफासेट १,भि.आई.पि टेवुल १, | २ | १५०००० |
| १२२६/२०७६.३.३१ | १२ | सोफासेट १,डेल आई.सेभेन ल्यापटप १ | २ | १५०००० |
| १२२५/२०७६.३.३१ | १५ | सोफासेट १, दराज ६६" १ | २ | १५०००० |
| १२२७/२०७६.३.३१ | २२ | सोफासेट १, दराज १, टि टेवुल१, साईकल५ | ८ | १२८००० |
| १२२९/२०७६.३.३१ | ७ | २०० ए.एच. ट्यूवलर व्याट्री २ | २ | ९८५०० |
| १२३०/२०७६.३.३१ | ८ | एल.ई.डि.टि.भि १ | १ | १२८००० |
| १२३१/२०७६.३.३१ | ५ | सिलाई मेशिन | | ९०००० |
| १२३३२०७६.३.३१ | १ | दराज ६६" १ ,र्याक२ , घुम्ने कुर्चि १ अफिस टेवुल१,फाईलिङ क्याविनेट १, डलफिन कुचि१०,सोफासेट १, | १७ | १४५०९२ |
| १२३४/२०७६.३.३१ | १६ | दराज ६६" १ , घुम्ने कुर्चि २,सोफासेट, टेवुल१, | ५ | १४६००० |
| १२३५/२०७६.३.३१ | ३ | २०० ए.एच ट्यूवलर ब्याट्री २,यू.पि.एस १५०० भि.ए | २ | ९८४९९ |
| १२३६/२०७६.३.३१ | १७ | कम्पयूटरटेवुल१,,,सोफासेट १, दराज २, र्याक१ | ५ | १४६३९५ |
| | | | **जम्मा** | ३०९२९४०.३९ |

५९. **बस्तु वा सेवाको करारमा मुअकर** मुअकर नियमावली २०५३ को नियम (६ग)मासरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थालेठेक्का सम्झौता वा करार अन्तरगत आपुर्तिहुने बस्तु वा सेवा वा बस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाइ भुक्तानी गर्दा निजलाइ भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी बाकी रहने कर वापतको रकममात्र भुक्तानीगर्नुपर्ने ब्यबस्था छ ।पालिकाले नियमावली लागू भएको २०७६ जेठ १५ पछिको देहायको ठेक्का सम्झौता वा करारको भुक्तानीमा कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्वन्धित राजश्व शिर्षकमा जम्मा भएको देखिएन नियमावलीको सो ब्यबस्था बमोजिम भुक्तानी गर्ने कर रकमको ५० प्रतिशत हुन आउने रकम सम्बन्धितको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने रु ४५८९१४

| ब.उ.शि. नंवर | गोश्वरा भौचर नंवर | आपुर्तिकताको नाम र पान नंवर | बिवरण | भुक्तानी मुअकर रकम | राजश्व शिर्षकमा जम्मा नभएको रकम |
|---|---|---|---|---|---|
| समानिकरण पुजिगत | ३०४/३/१ | गोपीकृष्ण कन्स्ट्रक्सन | १९ वडाको सडक सुधार | १७८३८२ | ८९१९१ |
| | ४३४/३/२१ | काश्यप वजसरगवली जे.भी. | वडा ११ को सडक स्तरोन्नती | ३१८८२० | १५९४१० |
| | ३११/३/२ | कविन्द्र इभांशु इशा जे.भी. | भवन निर्माण | ३७५३७६.३८ | १८७६८८ |
| कन्टन्जिेन्सि खाता | २६।२०७६.३.२ | अदिति कन्ट्रक्सन | सेरवाल निर्माण | ४५२५१।६० | २२६२५ |
| जम्मा | | | | | ४५८९१४ |

६०. शशर्त पूजिगत

**अनुदान** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । पालिकाले विल भर्पाई तथा आवश्यक प्रमाण कागज वेगर केवल नेपाल वैंक लिमिटेड रहेको सम्वन्धित विद्यालयको खाता रोक्का राखि विद्यालयको भौतिक व्यावस्थापन अन्तरगत निम्न विद्यालयलाई निर्माण अनुदान दिएकोले विल भर्पाई तथा आवश्यक प्रमाणकागजपेशहुनु पर्ने रु.. ६३०००००।००

| गो भौ न. | विद्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १/३/२७ | आधारभुत विद्यालय लहानगोठ विद्यालयका | भौतिक व्यावस्थापन | १६०००००।०० |
| | खुट्टी आधारभुत विद्यालय ढोढन वानो १ विद्यालयका | भौतिक व्यावस्थापन | १६०००००।०० |
| | दलित आधारभुत विद्यालय गोविन्दपुर ८ विद्यालयको | भौतिक व्यावस्थापन | १६०००००।०० |
| ४/३/३० | पशुपति आदर्श माध्यामिक विद्यालय मटिअर्वा | रेक्ट्रो फिटिङ | १५०००००।०० |
| | जम्मा | | ६३००००० |

६१. **धान विउ खरिद वितरणः** ५।२०७६।३।३१ कार्यालयले चन्द्र एण्ड संजिव ट्रेडर्स लहान ३को विजक नं २८२।२०७६.२.४ सेन्टर बाट ७ हजार के.जी. उन्नत जातको धान विउखरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । वितरण भरपाई परिक्षण गर्दा ३ हजार ४ सय ७५ के.जी मात्र वितरण देखिएको र बाँकी ३५२५ के.जी. मौज्दातमा राखेको छ । उक्त बाँकी विउ आवश्यक भन्दा बढी खरिद गरी मौज्दात राख्दा गुणस्तरमा ह्रास आई उम्रिने क्षमता ह्रास आउने हुँदा यसरी मौज्दात रहने गरी खरिद नगर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई आर्थिक मित्तव्ययीता पक्षमा सुधार गर्नुपर्ने देखिन्छ । धान विउ विक्री वापत रकम पालिकाको आफ्नै संचित कोषमा दाखिला गरेको देखिएकोले संघिय संचितकोष दाखिला हुनु पर्ने रु . १५९८५०।००

६२. **लाभग्राही छनौट मापदण्ड** : कृषकको व्यवसायिक क्षमता, जनशक्ति, समुदायमा पुऱ्याउन सक्ने योगदान, गत विगतमा पालिका र अन्य निकायहरुबाट कुनै किसिमको वस्तुगत तथा नगद अनुदान प्राप्त गरेको भए सो समेतलाई आधारलिई वस्तुनिष्ट आधार तयार गरी प्रस्तावकहरु मध्येबाट उत्कृष्ट ठानिएको लाभग्राहीलाई छनौट गर्नु पर्नेमा लाभग्राही छनौटगर्दा छनौटको आधार खुलाएको छैन । वस्तुनिष्ट मापदण्ड तथा कार्यविधि तयार गरी लाभग्राही छनौट गरीनु पर्दछ । यसबाट प्राथमिकता प्राप्त क्षेत्रमा अनुदान रकम गयो गएन एकिन हुन सकेन ।

६३. **ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) पुँजीगत**

**सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण** : नेपाल सरकारको सूचना प्रविधि प्रणाली(व्यवस्थापन तथा संञ्चालन) निर्देशिका २०७१ कोबुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने,प्र्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ । स्थानीय तहले प्रयोगमा ल्याएको कम्प्युटर सफ्टवेयर आफ्नो कार्यसम्पादन,सेवाप्रवाह,लेखा तथा प्रतिवेदन को लागी प्रयोग गर्दा विभागबाट प्रमाणीकरण नगराइ प्रयोगमा ल्याउने गरेको पाईएको छ । विभागबाट प्रमाणीकरण नगराइ सफ्टव्यर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्रि (PKI Software Enabled) समेत सूविधा नहुने हुदाGovernmentent Enterprise Architecture आधारित स्वीकृत मापदण्डको सफ्टव्यर नहुने देखिन्छ । मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा कार्य गुणस्तरिय नहुने र कतिपय अवस्थामायथार्थ आम्दानी खर्चको हिसाव नभएको समेत देखिएको छ । गाउपालिकालेसफ्टवेयर प्रयोग गर्दा कानूनअनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर प्रयोग गरीनुपर्दछ ।

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | आपुतिकर्ता | सफ्टवेयर | खर्चरकम |
|---|---|---|---|---|
| समानिकरण पुजीगत | ६६२/०७६/३/३१ | फोनिक्स सलुसन प्रा ली | नक्सा पास तथा भवन निर्माण सम्वन्धी | ४९४९४०. |

६४. **सवारी साधन खरिद** -गाउपालिकाले कार्यालयको लागि आवश्यक सवारी साधन खरिद गर्नको लागि खरिद गर्ने सवारी साधनको लागत अनुमान तथा स्रोत उल्लेख गरी अर्थ मन्त्रालयमा स्वीकृतको लागि पेश गरी अर्थ मन्त्रालयबाट स्वीकृती लिई सवारी साधन खरिद गर्नु पर्दछ । नगरपालिकाले वित्तिय समानीकरणको लागि केन्द्रबाट प्राप्त बजेट बाट निम्न सवारी साधन खरिद गरेकोमा अर्थमन्त्रालयबाट स्वीकृत लिएको छैन ।

| गो.भौ.नं. र मिति | सवारी साधनको विवरण | आपुर्तकको नाम | खर्च रकम |
|---|---|---|---|
| ११८/०७५/११/२१ | मोटर साईकल २४ थान | मनकामना ट्रेड लिंक | ५९९७५८८.०० |
| ४१३/०७६/३/२० | स्कार्पियो पिकअफ | उशा ईन्टरप्राइजेस | ४०७५०००.०० |
| ४१४/०७६/३/३० | ए.सि.ई. ग्रेडर | केसरीचन्द भवरलाल | ७४१००००.०० |
| ६७३/०७६/३/३१ | हाईड्रोलिक एस्काभेटर | एम.ए. डव्लु.अर्थ मोभर्स प्रा.ली. | ६५५००००.०० |
| जम्मा | | | २४०३२५८८ |

६५. **अग्रीम कर :-** आयकर ऐन २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा निम्नानुसार अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले निम्न कार्यमा कर कट्टी नगरेको तथा घटी कर कट्टी गरेकोले नपुग कर असूल हुनु पर्ने रु. १२६२७५.५३

| गो.भौ.नं. र मिति | आपूर्तक | भुक्तानीको विवरण | भुक्तानी विजक रकम | कर कट्टी गर्नु पर्ने दर | कट्टी गरेको रकम | नपुग कर |
|---|---|---|---|---|---|---|
| ३०५/०७६/३/१ | भुवन निर्माण सेवा प्रा.ली | सिद्धेश्वर वावा उ.स. | २४१२८८.०० | १.५ % | ० | ३६१९.३२ |
| ३०५/०७६/३/१ | भुवन निर्माण सेवा प्रा.ली | सिद्धेश्वर वावा उ.स. | २१५५४.०० | | ० | ३१५८.३१ |
| ३१३/०७६/३/२ | ईन्जिनियर एडभरडाजरी प्रा.ली. | वेताहा सडक निर्माणको डि.पि.आर तयारी | ४२१३२७.०० | | ० | ६३१९.९० |
| ५७६/३/३१ | सडक उकास तथा नाला नि.उ.स. ३ लाई रु १३५४१२६।०० भुक्तानी गर्दा कट्टी गरेको रु ४१२६।०० उ.स.लाई ने भुक्तानी गरेकोले असुल हुनु पर्ने | | | | | ८२५२.०० |
| ४३६/३/२१ | असम ईन्जिनियरीङ्ग कन्सल्टेन्सी | हाट वजारको डि.पि.आर तयारी | ३०२१६२ | १५ % | | ४५३२४.० |
| ९७८।२०७६.३.१२ | स्टार ट्रेड एण्ड ईन्जिनियरीङ प्रा.लि | कर्मचारी विवरण तयार गरेको | ४४१५०० | १५ % | ६६२२ | ५९६०२ |
| जम्मा | | | | | | १२६२७५.५३ |

६६. **भरपाई बेगरको खर्च :-** कुनै सामान खरीद गर्दा वा सेवा लिदा भुक्तानी गरेको रकम सम्बन्धीतलाई बुझाउनु पर्ने कानुनी व्यवस्था रहेको छ । भरपाई समेत नगराई निम्नानुसार कार्य बापतको रकम भनी खर्च लेखेकोमा भरपाई समेत नभएकोले वास्तविक कार्य भएरै खर्च भएको हो भन्न सकिने अवस्था रहेन । अतः कार्य भएको भए प्रमाण सहित रकम बुझेको भरपाई पेश हुनु पर्ने अन्यथा बिना भरपाईको खर्च रकम १४२८०

असूल/दखिला हुनु पर्ने रु.

| गो.भौ.नं. र मिति | विवरण | भुक्तानी पाउने व्यक्ति/आपूर्तक | खर्च रकम |
|---|---|---|---|
| २८२/०७६/२/२६ | वक्तृत्वकला प्रतियोगिता संचालनको भक्ता | संयोजक राम कुमार साह | १३६०.०० |
| | | मूल्यांकन कर्ता मोदनारायण झा | १३६०.०० |
| | | समय संकेत कर्ता अनिल कुमार साह | १३६०.०० |
| ३७०/०७६/३/१६ | वडाहरुको अनुगमनर सुपरीवेक्षण सोधभर्ना निश्चलता कार्की | मायानाथ आचार्य | ६८००.०० |
| | | भवानी प्रसाद चौधरी | १७००.०० |
| | | संजिव कुमार | १७००.०० |
| जम्मा | | | १४२८० |

६७. **बिल बेगर भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । त्यस्तै ठेक्का सम्झौता गर्दा विमा, गुणस्तर परिक्षण र सुचनावोर्ड वापतको रकम प्रोभिजनल सममा राखेको लागत अनुमान लयार गरेको छ । कतिपय टेक्काको लागत अनुमान तयार गर्दा यि आईटम पि.एस मा राखी पछि ठेक्का विल तयार गर्दा एल.एस मा लेख्ने समेत गरेको छ । कार्यालयले निम्नानुसार गो.भौ.नं र मिति बाट निम्न अनुसार ठेक्कामा प्रोभिजनल सममा विमा, गुणस्तर परिक्षण तथा सुचना वोर्ड वापत रकम भुक्तानी गरेकोमा बिल भर्पाई संलग्न गरेको छैन । अतः कार्य भएको प्रमाण सहित बिल संलग्न गर्नु पर्ने अन्यथा बिल बिनाको बढी भुक्तानी रकम असूल हुनुपर्ने रु. ८६५१६०

| गो.भौ.नं र मिति | भुक्तानी लिएको आपुर्तक | ठेक्का नं | बिमा वापतको रकम | गुणस्तर परिक्षण वापतको रकम | सुचना वोर्ड वापतको रकम | जम्मा रकम | विल पेश रकम | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| ३०/०७५/७/९ | नवरंग कन्सट्क्सन | १४/०७३/७४ | ३५००० | १५००० | | ५०००० | ० | ५०००० |
| ८२/०७५/१०/१७ | सुर्या विकास जेभी | ७/०७४/७५ | ३६७५०० | ५०००० | ८००० | ४२५५०० | ० | ४२५५०० |
| १३१/०७५/१२/११ | शाह कन्स्ट्क्सन | १६ न वडाको कल्भर्ड | १०००० | १०००० | ५००० | २५००० | ० | २५००० |
| ३०४/०७६/३/१ | गोपीकृष्ण कन्स्ट्क्सन | २/०७४/७५ | २९६७९ | ० | ५००० | ३४६७९ | ० | ३४६७९ |
| ९९/०७५/११/३ | दिवा निर्माण सेवा | ८/०७४/७५ | ० | ० | १०००० | १०००० | ० | १०००० |
| १९६/०७६/१/५ | काश्यप वज्रङ्वली जे.भी. | ९/०७४/७५ | ३९७८ | १०००० | ८००० | २१९७१ | ३९७८ | १८००० |
| १२१/०७५/११/२१ | गोपीकृष्ण कन्स्ट्क्सन | ४/०७४/७५ | ० | ० | ५००० | ५००० | ० | ५००० |
| २०४/०७६/१/६ | कविन्द्र इभांसु इशा जे.भी. | १६/०७४/७५ | ८२९६० | ० | ० | ८२९६० | ० | ८२९६० |
| ९४/१०/२४ | काश्यप वज्रङ्वली जे.भी. | १०/०७४/७५ | १२५००० | १५००० | ८००० | १४८००० | ३९७९ | १४४०२१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०२/११/१२ | एम.के कन्स्ट्रक्सन | ३/०७४/७४ | ५२५०० | १२५०० | ५००० | ७००००. | ० | ७०००० |
| | जम्मा | | | | | | | ८६५१६० |

६८. **कर विजकः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुचि ५ वमोजिमको ढाँचामा सिलसिलेवार नम्वर सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न आपुर्तकलाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिएको छ । मु.अ.करमा दर्ता भएकाले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण प्रत्येक महिनामा पेश गर्नुपर्दछ । निम्न आपुर्तकको विजकको प्यान नम्वर लिई सर्चगर्दा राजश्व विभागको अन लाइनमा नन फिलर देखाएको तथा हस्त लिखित विजक जारी गरेकोले आपुर्तकले मु.अ.कर रकम दाखीला गरेको भनी एकीन नभएकोले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा मु. अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. १७५९७८.६९

| गो.भौ.नं. र मिति | आपुर्तक | कार्य विवरण | विजक नं. र मिति | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| २८/०७५/६/२९ | देव ग्रुप डि.जि. इन्जिनियरिङ्ग कन्सल्टेन्सी | डि.पि.आर. तयारी | १/०७५/६/१८ | १३६४७ | हस्त लिखित |
| ८३/०७५/१०/१८ | ड्रिमल्यान्ड इन्टरनेशनल तालिम केन्द्र | तालिम संचालन | ११/०७५/१०/१६ | १६९०० | २०७५ पौष |
| ५६४//३/३ | शंकर ईटा उद्योग | पक्की नाला निमार्ण उ.स.३ लाई भुक्तानी | ४७२/३/२४ | १५६०.०० | २०७५ असार |
| ५६४//३/३ | शंकर ईटा उद्योग | पक्की नाला निमार्ण उ.स.३ लाई भुक्तानी | ४६८/३/२३ | २३४०.०० | २०७५ असार |
| ५६४//३/३ | शंकर ईटा उद्योग | पक्की नाला निमार्ण उ.स.३ लाई भुक्तानी | ४६९/३/२३ | २३४०.०० | २०७५ असार |
| ५६४//३/३ | शंकर ईटा उद्योग | पक्की नाला निमार्ण उ.स.३ लाई भुक्तानी | ४६४/३/२२ | २३४०.०० | २०७५ असार |
| ५६४//३/३ | शंकर ईटा उद्योग | पक्की नाला निमार्ण उ.स.३ लाई भुक्तानी | ४३६/३/९ | १५६०.०० | २०७५ असार |
| ५६४//३/३ | शंकर ईटा उद्योग | पक्की नाला निमार्ण उ.स.३ लाई भुक्तानी | ४४३/३/१४ | २३४०.०० | २०७५ असार |
| ५६४//३/३ | शंकर ईटा उद्योग | पक्की नाला निमार्ण उ.स.३ लाई भुक्तानी | ४४४/३/१४ | ७८००.०० | २०७५ असार |
| ५६४//३/३ | शंकर ईटा उद्योग | पक्की नाला निमार्ण उ.स.३ लाई भुक्तानी | ४४५/३/१४ | ७८००.०० | २०७५ असार |
| ६३९/३/३१ | कामाक्ष इन्टरप्राईजेस | माटो ग्राभेल तथा होम पाईप उ.स. १५ | विल वेगर | २७६२५.०० | विल वेगर |
| | मा राजदेवी उेजेन्सी एण्ड सेवा व्यापार | | १०/३/२० | ७५९८.०० | हस्त लिखित |
| ६६३/३/३१ | सेभन स्टार ईटा उद्योग | वाउण्डी वाल निर्माण उ.स. ११ | ३५७/३/२४ | ८६४५.०० | २०७६ असार |
| ६४६/३/३१ | मा पवित्रा निर्माण सेवा | सडक ग्राभेल उ.स. २४ | १/३/१५ | ३४५३४ | २०७४ श्रावण |
| ६६५/३/३१ | नमावि सप्लायर्स | मनेहर्वा विदुतिकरण | ९२/३/८ | ३८९४९.६९ | |
| जम्मा | | | | १७५९७८.६९ | |

६९. **मु अ कर असुल हुनु पर्ने** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५(१) मा दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै बिजक वा कागजात जारी गर्न र कर उठाउनु हुदैन । त्यस्तै दफा १५(२) मा दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल उपर गरिनेछ । त्यस्तै मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ३२(१) मा दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा निजले ऐनको दफा १५(२) बमोजिम उठाएको करको निर्धारण नियम २९ मा उल्लेख भए बमोजिमको प्रकृया अपनाई करको निर्धारण गरिनेछ । सोही नियमको उप नियम २ मा उपनियम १ बमोजिम निर्धारण गरिएको कर त्यस्तो कर उठाउने दर्ता नभएको व्यक्तिले कर निर्धारण आदेश जारी भएको मितिले १५ दिन भित्र बुझाउनु पर्ने व्यबस्था छ । कार्यालय अन्तर्गत सञ्चालित बिभिन्न डि.पि.आर. निर्माण कार्य मध्ये वडा नं. २३ को हाटवजार व्यवस्थापनको डि.पि.आर. निर्माण कर्ता असम इन्जिनियरिङ्ग कन्सल्टेन्सीको मू.अ.करमा दर्ता नभएको फर्मले कार्य गर्दा मू.अ.कर बिजक जारी गरी मू.अ.कर रु ३९२८१।०० गैन्ह कानुनी रुपमा भुक्तानी भएकोले निजबाट कर निर्धारण गरी असुल हुनुपर्ने रु.. ३९२८१।००

७०. **कार्यसम्पन्न प्रतिवेदन** :-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यबस्था छ । नगरपालिका कार्यालयवाट निम्न निर्माण कार्य सम्पन्न भएको प्रतिवेदन रु. ७२११३३.०० भुक्तानी लगेको छ । सम्पन्न प्रतिवेदन बेगर भुक्तानी भएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु. ७२११३३

| गो भा नं. र मिति | कामको विवरण | भुक्तानी लिने व्यक्ति । आपुर्तक | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १२२/०७५/११/२३ | रामटोलको सामुदायिक भवन प्लाष्टर | रमन निर्माण सेवा | ३८०३४३ | समानिकरण पुजिगत |
| ३३८/०७५/३/५ | विद्युतिकरण कार्य | वडा अध्यक्ष रामनाथ पंडित | ४९९४५ | समानिकरण पुजिगत |
| ६३५/३/३१ | भवन निर्माण कार्य | सामुदायक भवन नि.उ.स. २३ | २९०८४५ | समानिकरण पुजिगत |
| | | **जम्मा** | **७२११३३** | |

७१. **ठेक्का नं ०७४।७५।९** वडा नं १० को सडक स्तरोन्नतीकोलागि कश्यप एण्ड बज्रङ्गवली जे. भी. संग रु २ करोड २ लाख ८७ हजारमा २०७६।६।१० मा कार्य सम्पन्न गर्ने गरी ०७५ आश्विन ११ गते सम्झौता गरेको छ । कृषि विकास वैकको रु ४० लाखको पेश्की जमानत राखी कार्तिक र चैत्रमा गरी रु २७ लाख पेश्की दिएको छ । वैशाख ५ गते प्रथम रनिङ्ग विलबाट रु १८ लाख ५ हजार भुक्तानी लिएको उक्त आपुर्तकले तत पश्चात कार्य नगरेकोले कार्यालयवाट पटक पटक ताकेता गरी रहेको छ । आश्विनमा कार्य सम्पन्न हुनु पर्ने कार्यको सम्झौता अवधि समाप्त भएको ३ महिना हुदा सम्म ७.८७ प्रतिशत मात्र कार्य भएको छ । सम्झौता गरी पेश्की लिएर कार्य नगर्ने आपुर्तकलाई सार्वजनिक खरिद नियमावली अनुसार कारवाही गरी दिएको पेश्की रकम असुल गर्नु पर्दछ ।

७२. **ठेक्का नं ०७४।७५।१०** वडा नं ११ को सडक स्तरोन्नतीकोलागि कश्यप एण्ड बज्रङ्गवली जे. भी. संग रु १ करोड ४३ लाख २६ हजारमा २०७६।६।१० मा कार्य सम्पन्न गर्ने गरी ०७५ आश्विन ११ गते सम्झौता गरेको छ । कृषि विकास वैकको रु २८ लाख ६५ हजारको पेश्की जमानत राखी कार्तिक र मंसिरमा गरी रु ५४ लाख ८५ हजार पेश्की दिएको छ । सम्झौता बमोजिम २० प्रतिशतले रु २८६५११३.४० मात्र पेश्की दिन मिल्नेमा २ पटक एउटै ए.पी.जी. को फोटोकपी सम्लग्न गरी सम्झौता विपरित बढी पेश्की दिएको रकम असुल गर्नुपर्ने रु २५४९८८.६०

७३. **ठेक्का नं ०७४।७५।८** वडा नं ६ र १० मा नमुना सडक निर्माणकोलागि दिवा निर्माण सेवा संग रु ३ करोड २ लाख ५६ हजारमा २०७६।६।१० मा कार्य सम्पन्न गर्ने गरी ०७५ आश्विन ११ गते सम्झौता गरेको छ । एन सी सी वैकको रु ४८ लाखको पेश्की जमानत राखी कार्तिक र माघमा गरी रु ७७ लाख २४ हजार पेश्की दिएको छ । सम्झौता बमोजिम २० प्रतिशतले रु ६० लाख ५१ हजार मात्र पेश्की दिन मिल्नेमा ३

पटक गरी सम्झौता विपरित बढी पेश्की दिएको रकम असुल गर्नुपर्ने रु — १६७२०००.००

७४. **ठेक्का नं ०७४।७५।१६** विद्यापति भानुभक्त मल्टी प्रपोज व्यूल्डीङ्ग कन्स्ट्रक्सन कार्यकोलागि दिवा कविन्द्र इभांशु इशा जे.भी संग सम्झौता गरेको छ । प्रभो वैकको रु ३० लाखको पेश्की जमानत राखी माघ महिनामा रु ३० लाख ७७ हजार पेश्की दिएको छ । सम्झौता बमोजिम जमानत वरावर मात्र पेश्की दिन मिल्नेमा सम्झौता विपरित घटी जमानत राखी बढी पेश्की दिएको रकम असुल गर्नुपर्ने रु — ७७०००.००

७५. **लहान महोत्सव** लहान नगरपालिकाको आयोजनामा मिति २०७५ चैत्र २५ देखि २०७६ बैशाख १० सम्म संचालन हुने वृहत लाहान महोत्सव संचालनको लागि मुल समिति र उपसमितिहरु गठन गरेको छ । समितिको अलवा पशुपति फेयर एक्जीविसन नेपाल, भरतपुर संग रु ३२३४८५०।०० भुक्तानी गर्ने गरी सम्झौता पनि गरेको छ । सम्झौता वमोजिम कार्य संचालन गरी रु ३०११४५०।०० भुक्तानी गरेको छ । महोत्सव संचालनकोलागि प्रक्ष्येपण गरेकोप्रस्तावित आय व्यय अनुसार नगरपालिकाको तर्फबाट (स्विकृत योजनाको कार्यक्रम नं. ५८४ मा) रु १५ लाख वजेट विनियोजन गरेको छ । सो रकम खर्च गरी रु २० लाख वचत गर्ने लक्ष्य लिएको यस कार्यक्रम संचालनवाट प्राप्त आम्दानी पालिकामा जम्मा गरेको छैन । आयोजना संचालनकोलागि विभिन्न कर्मचारी,संस्था र पदाधिकारी समेत १९ जनालाई कार्यक्रमको रु १५ लाख र समपुरक कोष वाट समेत गरी रु ७६४१४५०।०० पेश्की दिएकोमा कार्यक्रम सम्पन्न भएको १० महिना वितिसक्दा पनि रु ४६३००००।०० पेश्की फछौट भएको छैन । स्विकृत प्रस्ताव अनुसार कार्यक्रम संचालन भएको पाईएन । अत निर्णय तथा प्रस्ताव विपरित गरेको कार्यवाट हुन गएको हानी नोक्सानीको वारेमा छानविन गरी खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई प्राप्त आम्दानी पालिकमा दाखिला गराई खर्चकोलागि लिएको पेश्की रकम फछ्यौट गर्नु गराउनु पर्दछ ।

७६. **बढी पेश्कि :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ (५) मा खरिद सम्झौता भए पछि उपभोक्ता समितिलाई सार्वजनिक निकायले त्यस्तो समिति वा समूदायलाई सम्झौता रकमको बढीमा एक तिहाई सम्म पेश्कि दिन सक्ने छ भन्ने व्यवस्था रहेको छ । त्यस्तै नगरकार्यपालिकाको मिति २०७५।९।२३ को निर्णय नं १२ मा समभ्झौताको ३० प्रतिशत सम्म उपभोक्ता समितिलाई पेश्की दिन सकिने निर्णय गरेको छ । कार्यालयले सेवाग्राही समुदायलाई कार्य सुरु नगर्दै ४७ प्रतिशत सम्म पेश्कि दिएको छ । लेखापरीक्षणको क्रममा नमुना छनोट गरी परीक्षण गरिएका आयोजना मध्ये निम्नानुसार योजनामा पेश्कि दिएको देखियो । यस्तो पेश्की दिने कार्यमा समेत नियन्त्रण गर्नु पर्दछ ।

| गो.भौ.नं. र मिति | आयोजना उ.स.को नाम | सम्झौता रकम | पेश्कि दिएको रकम |
|---|---|---:|---:|
| ६८/१०/७ | चर्पि निर्माणको लागि डिहवार वावा उ.स. | ३५००००.०० | ९००००.०० |
| ९०/१०/२१ | मन्दिरको रङ्ग रोगन गर्न दलित दलान निमाएण उ.स. | ४०००००.०० | ११५०००.०० |
| ९२/१०/२३ | पक्की नाला निमाएणको लागि एकता टोल उ.स. | ९७००००.०० | २९००००.०० |
| ११३/१०/१४ | पक्की नाला निर्माण उ.स. | ११०००००.०० | ३३००००.०० |
| ११९/११/२१ | सपद्युतिकरणको लागि सिरेश्वर वावा उ.स. | ७०४६४७.०० | १८००००.०० |
| २३२/१/२४ | नाला ाािर्माण तथा ढलान उ.स. | १६५१६८६.०० | ४७००००.०० |
| २३३/१/२४ | विद्युतिकरण उ.स. १४ | ८७९९३७.४५ | ४२००००.०० |

७७. **प्रमाण** १०३।२०७५।११।२१ तालिम संचालनका कुनै प्रमाण सम्लग्न नगरी शिक्षकहरुको लागि सकारात्मक सोच तालिमको खर्च भनी होटल विसाल प्रा.ली. को विजक नं. ३२९ र ३२४ वाट क्रमश १२९ र २०७ जनालाई लन्च वाष्त प्रति वक्ति रु ३५०।०० का दरले रु १८०२३५।०० भुक्तानी गरेको छ । तालिम संचालन गरेको भए शिक्षकहरुको हाजिर उपस्थित प्रमाण लगायतका कागजात पेश हुनु पर्ने । त्यस्तै भौ न. १०४ वाट मनोशक्ति तालिममा सहभागि भएका १५० जनाको हाजिर विवरण मात्र संलग्न गरी प्रशिक्षक तथा कार्यक्रम को विवरण विना सोहम होटलको चिया, पानी र नास्ताको विल संलग्न गरी अरुण कुमार चौधरीलाई रु ६९८६५।०० सोधभर्ना दिएको छ । अत आवश्यक कागजात प्रमाण पेश हुनु पर्ने रु

| | | |
|---|---|---|
| | | २५०१००.०० |
| ७८. | **नर्म्सको पालना :-** कार्यालयले तालिम सन्चालन गर्दा अर्थ मन्त्रालय द्धारा स्वीकृत कार्यक्रम सन्चालन निर्देशिकामा उल्लिखित मापदण्ड अनुरुप हुने गरी खर्च गर्नु पर्दछ । यस कार्यालयबाट विभिन्न समयमा विभिन्न व्यक्तिले संचालन गरेको तालिम तथा कार्याशाला गोष्टीमा प्रशिक्षक, प्रतिवेदन लगायतका कार्यमा नर्म्सको पालना भएको देखिएन । अत नर्म्स विपरितभुक्तनी लिएको निम्नानुसार रकम असुल हुनु पर्ने रु | ९१६५० |

| गो भा र्न र मिति | विवरण | वढी भुक्तान |
|---|---|---|
| ११४/११/१५ | २ दिने क्षमता विकास तालिम संचालक निश्चलता कार्कीले प्रतिवेदन वापत रु १५००।०० पाउनेमा ३०००।०० बुझेको | १५००.०० |
| ३१२/३/२ | मनोज कुमार गुप्ताले २।२५ मा संचालन गरेको कौशी खेती तालिममा प्रशिक्षक प्रकाश शाह र भानुराज शर्मालाई रु १६०० दिनुपर्नेमा रु ४५००।०० दिएको | २९००.०० |
| ३६८/३/१६ | जेष्ट १३,१४,१५ र १७ गते विभिन्न स्थानमा संचालित वाल विवाह न्यूनिकरण विरुद्ध १ दिने कार्यक्रममा संचालिक निश्चलता कार्कीले प्रतिवेदन वापत प्रति दिन रु १०००।०० दरले पाउनेमा रु २०००।०० दरले बुझोको | ४०००.०० |
| ३६९/३/१६ | २।६ को सम विकास कार्यक्रम निश्चलता कार्कीले प्रतिवेदन वापत प्रति दिन रु १०००।०० दरले पाउनेमा रु २०००।०० दरले बुझोको | १०००.०० |
| ३७१/३/१६ | २।५ को यौन दुर्व्यवहार न्यूनीकरण कार्यक्रम निश्चलता कार्कीले प्रतिवेदन वापत प्रति दिन रु १०००।०० दरले पाउनेमा रु २०००।०० दरले बुझोको | १०००.०० |
| ४९९/३/२६ | ३।१ को एकल महिला सम्मान कार्यक्रम निश्चलता कार्कीले प्रतिवेदन वापत प्रति दिन रु १०००।०० दरले पाउनेमा रु २०००।०० दरले बुझोका | १०००.०० |
| ५३८/३/२९ | १।२२ देखि २३ सम्म कृतिम गर्भाधान सम्वन्धी तालिममा प.स्वा.प्रा.राम गणेश महतोले ६ कक्षा ७००।०० दरले प्रशिक्षण खर्च पाउनेमा १५००।०० का दरले लिएको | ५४००.०० |
| ३००/२/३० | प्रकाश साहको २ वटा तालिम कार्यक्रमको पे.फ.मा सोही कार्यालयका प्रशिक्षकले नपाउने प्रशिक्षण भक्त ७५० दरले १६ कक्षाको ७ जनावाट असुल हुनु पर्ने | १२०००.०० |
| २३९/१/२९ | निश्चलता कार्कीको १२।१९ देखि २१ सम्मको तालिममा सोही कार्यालयका प्रशिक्षकले नपाउने प्रशिक्षण भक्त ७०० दरले ५ कक्षाको ४ जनावाट असुल हुनु पर्ने | ३५००.०० |
| ८६/१०/१८ | प्रकाश साहको ३ वटा तालिम कार्यक्रमको पे.फ.मा सोही कार्यालयका प्रशिक्षकले नपाउने प्रशिक्षण भक्त ७५० दरले २५ कक्षाको १३ जनावाट असुल हुनु पर्ने | १८५५०.० |
| २१६/१/१७ | प्रकाश साहको ५ वटा तालिम कार्यक्रमको पे.फ.मा सोही कार्यालयका प्रशिक्षकले नपाउने प्रशिक्षण भक्त ७५० दरले ४६ कक्षाको विभिन्न प्रशिक्षकवाट असुल हुनु पर्ने | ३४५००.०० |
| २४०/१/२९ | निश्चलता कार्कीको १२।२२ देखि २४ सम्मको तालिममा सोही कार्यालयका प्रशिक्षकले नपाउने प्रशिक्षण भक्त ७०० दरले ५ कक्षाको ४ जनावाट असुल हुनु पर्ने | ३५००.०० |
| २४१/१/२९ | निश्चलता कार्कीको १२।१४ देखि १६ सम्मको तालिममा सोही कार्यालयका प्रशिक्षकले नपाउने प्रशिक्षण भक्त ७०० दरले ४ कक्षाको ३ जनावाट असुल हुनु पर्ने | २८००.०० |
| जम्मा | | ९१६५० |

| | | |
|---|---|---|
| ७९. | **वढी भुक्तानी** योजनामा लागत अनुमान तयार गर्दा समावेश गरेको कन्टेन्जेन्सी रकम उपभोक्ता मार्फत कार्य गराउदा कुनै योजनामा २.५ प्रतिशत र कुनैमा ३ प्रतिशत कट्टा गर्ने गरेको छ । कार्य सम्पन्न हुदा प्राविधिकले कट्टा गर्नु पर्ने भनी उल्लेख गरेको रकम कट्टा नगर्ने गरेको छ । नमुना छनोट वाट परिक्षण गर्दा निम्नानुसार उपभोक्ता समितिलाई कार्य सम्पन्न, नापी तथा ठेक्का विल वमोजिमको रकम भुक्तानी गर्नु पर्नेमा सो भन्दा वढी भुक्तानी भएको समेत देखियो । अत वढी भुक्तानी रकम उपभोक्तावाट असुल गरी संचित खातामा जम्मा गरेको प्रमाण पेश हुनु पर्ने रु | २२७४१ |

| गो भौ नं. र मिति | उपभोक्ताको नाम | कार्य विवरण | कार्य सम्पन्न/भुक्तानी हुनु पर्ने रकम | भुक्तानी रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| २०२/०७६/३/६ | सडक मर्मत उ.स. १४ | सडक मर्मत | ४७५८६४.०० | ४९०१३९.०० | १४२७५. |
| ५०१//३/१६ | पक्की नाला नि.उ.स. ७ | नाला निर्माण | १६१००२४ | १६११७२८ | १७०४ |
| ५६३/३/३० | सिचाईको लागि इनार नि.उ.स. १३ | ईनार निर्माण | ३२७४४९ | ३३९११४ | ११६६५ |
| ५८०/३/३१ | कटहा देखि भवरा पैनी ग्राभेल उ.स. १९ | ग्राभेल | १९०३५० | १९६१७१ | ५८२१ |
| ३६२/३/१५ | होमपाईप कल्भड विस्तार नि.उ.स. | कल्भर्ड विस्तार | ५५१२९२ | ५६८९५१ | १७६५९ |
| ६०२/३/३१ | आधारभुत विद्यालय वाउन्ड्री वाल नि.का.उ.स. ९ | वाउन्ड्री वाल | ४१९९६४ | ४३८५३८ | १८५७४ |
| ५२६/३/२८ | पक्की नाला नि.स.स. ३ | नाला निर्माण | १९४६८९ | २००००० | ५३११ |
| ५३२/३/२८ | माटो तथा ग्राभेल उ.स. १८ | ग्राभेल कार्य | १९७०४७ | २००००० | २९५३ |
| ५३५/३/२९ | सडक ढलान कार्य उ.स. ५ | सडक ढलान | ९८३२७८ | १०२६०६० | ४२७८१ |
| ५९०/३/३१ | पक्की नाला कच्ची सडक निर्माण कार्य उ.स. १७ | विभिन्न ४ योजनाको कार्य | १३९०८४१ | १४००००० | ९१५९ |
| ५९०/३/३१ | पक्की नाला कच्ची सडक निर्माण कार्य उ.स. १७ | एक रतिया टोलमा नाला निर्माण | २८९४३२.०४ ल.ई. | ३६९७९६ | ८०३६४ |
| ४६१/३/२३ | नमुना हरियाली कृषक समुह १८ | वोरिङ्ग कार्य | ३२८२५ | ५०००० | १७१७५ |
| | | जम्मा | | ६८९०४९७ | २२७४४१ |

८०. **कन्ट्न्जेन्सी कट्टा नगरेको** ५२१।३।२८ हिरा चौधरीलाई वाटो मर्मत गरेको भनी वि.पि. कन्स्ट्क्सन को विजक २६।३।२३ वाट जे.सि.वी. ७१ घण्टा चलाइको प्रति घण्टा रु २०००।०० ले मु अ कर समेत रु १६०४६०।०० को विजक संलग्न गरी ठेक्का विल नापी किताव तथा कार्य सम्पन्न समेत तयार नगरी वडा अध्यक्षको योजनावाट भुक्तानी दिनु भनी गरेको सिफारिसको आधारमा भुक्तानी गरेको छ । निर्माण कार्यमा कार्यसम्पन्न तयार गरी कन्ट्न्जेन्सी समेत कट्टा गर्नु पर्नेमा नगरेकोले ३ प्रतिशतले हुने रु ४८१३।०० असुल गरी कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु १६०४६०.००

८१. **झोला खरिद** २२९।२०७६।१।२० शान्ती हार्डवेयर एण्ड सप्लायर्सबाट २३०० थान स्कुल व्याग खरिद गरी प्रति व्याग रु ३४१।०० र मु.अ.कर समेत रु ८८६२५९।०० भुक्तानी गरेको छ । खरिद समान जिन्सी दाखिला नगरी पालिकाको गोदाममा स्टोर गरी राखेको छ । बैशाखमा खरिद गरिएका सामान लेखापरिक्षण अवधि २०७६।८।२६ सम्म पालिका अन्तरगतका ५९ विद्यालय मध्ये ४६ विद्यालयका प्र.अलाई भरपाई गराई १२३५ थान वुझाएको छ । बाकी ९२० थान जिन्सी खाता वेगर स्टोरमा मौज्दात छ भने १४५ थान आपुर्तककोवाट प्राप्त हुन वाकी रहेको व्यहोरा ले.प.को क्रममा स्टोर प्रमुखवाट जानकारी प्राप्त भएको छ । वितरित मध्येबाट विद्यालयले पेश गरेको भरपाईमा प्र.अ.ले बुझेको सख्या भन्दा कम सख्यामा विद्यार्थीलाई वुझाएको भरपाई पेश हुन आएको छ । जस्तै आधारभूत विद्यालय नौडेगा छारापट्टीले बुझेको २३ मध्ये १८ वटा मात्र बुझाएको छ । त्यस्तै भौ नं ३३७।३।५ वाट ज्ञानोदय आधारभूत विद्यालयलाई ६० थान स्कुल व्याग वितरण गरेको भनी वडा सचिव मनोज कुमार गुप्ताले रु ५००।०० का दरले रु ३००००।०० समेत भुक्तानी लगेको देखियो । एउटै काममा दुईतिरवाट खर्च हुन जाने सम्भावना समेत रहेको छ । लामो समय

सम्म प्रयोगमा ल्याउन नसक्ने गरी सामान मौज्दातमा राख्दा मुसाले काटने, नासिने जस्ता समस्याले सरकारी सम्पत्ति हानी नोक्सानी हुन जान्छ । अत प्रयोग हुन नसक्ने गरी खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई प्राप्त हुन वाकी १४५ प्राप्त गरी र वितरण गर्न वाकी ९२० थान समेत वितरण गरी भरपाई पेश हुनु पर्ने रु ४१०३७६.४५

८२. **जनश्रमदान** नगर कार्यपालिकाको मिति २०७५।७।१६ को निर्णय नं. ५ अनुसार जनश्रमदान समावेस नभएपनि योजना संचालन गर्न असर नपर्ने गरी निर्णय गरी अधिकांश योजनामा लागत अनुमान अनुसार पुरै रकम कार्यालयले व्यहोरेको छ । उपभोक्ताको जनसहभागिताको हिस्सा ० प्रतिशत रहने र सम्पूण कार्य उ.स. ले नगरी आपुर्तकाको विजक पेश गरी उ.स. लाई रकम भुक्तानी गर्दा कार्य मितव्ययी नहुने तथा गुणस्तर युक्त नहुने हुदा यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ । सम्झौता गर्दा तयार गरेको लागत अनुमानमा उ.स.को योगदान समावेस नगर्ने र भुक्तानी गर्ने वेलामा तयार गरेको कार्यसम्पन्नमा ल.ई. भन्दा केही अंक वढीमा कार्य भएको देखाई वढी रकम वरावरको हिस्सा उ.स. ले व्यहोरेको भनी ठेक्का विलमा उल्लेख गर्ने गरेको छ । सम्झौतामा उ.स.को हिस्सा उल्लेख नै नगर्ने ठेक्का विल वनाउदा ल.ई. भन्दा वढी रकमको कार्य भएको देखाउने कन्टेन्जेन्सीको रकम जोडी वजेट विनियोजन वरावरको सम्झौता गर्ने र भुक्तानी गर्दा कार्य सम्पन्न रकममा कन्टेन्जेन्सी जोडी खर्चमा डेविट गर्ने र सोही रकम केडिट गर्ने गरेको छ । यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ । जस्तै

| गो भा नं.र मिति | उपभोक्ता समितिको नाम रकाम | लागत अनुमान | वजेट तथा सम्झौता | कार्य सम्पन्न | भुक्तानी | उ.स.को हिस्सा |
|---|---|---|---|---|---|---|
| ३५७/३/११ | दलित दलान नि.स.स. १० | ३८७९२१ | ४००००० | ४०४४६५ | ३८७९२१ | १६५४४ |
| ३५८/३/११ | सडक सुधार तथा नाला नि.उ.स.१६ | १२१४१२ | १२५००० | १९०५६९ | १२१४१२ | ६५५६९ |
| ३६२/३/१५ | ह्युमपाइप कल्भर्ड विस्तार नि.स.स. | ५८८६५४ | ६२७४४४ | ५५१२९२ | ५६८९५१ | -१७६५९ |
| ३६३/३/१५ | महिला पोखरी र स्मसान घाट नि.उ.स. | १२१६४० | १२५००० | १२७२६४ | १२१३५० | ५९१३ |
| ३६५/३/१६ | नाला निर्माण कार्य उ.स. | ९७५५८ | १००००० | ११२७३५ | १००००० | १२७३५ |
| ३८६/३/१९ | विद्युतिकरण उ.स.१४ | ८७९९३७ | ८८०००० | ८९६२११ | ८८०००० | १६२११ |
| ५४२/३/२९ | पि.सि.सि.सडक ढलान कार्य ९ | २३५७०१ | | २१२७८१ | २१२७८१ | ० |
| ५५५/३/३० | सडकमा माटो ग्राभेल उ.स. | १९४८१९ | | १८०८०४ | १८०८०४ | ० |

८३. **अनुदान असुली** ५०३।३।२६ साई वावा हार्डवेयर लाहानलाई मिति टेलर २ थान आपुर्ती गरेवापत रु २ लाख भुक्तानी गरेको छ । ७५ प्रतिशत अनुदानमा सुरेन्द्र प्रसाद चौधरी र धुरनी देवि चौधरीलाई वितरण गरेकोमा निजहरुले २५ प्रतिशतका दरले रु ५००००।०० स्थानिय संचित कोषमा जम्मा गर्नु पर्नेमा गरेको देखिएन । अत सो रकम असुल हुनु पर्ने रु ५००००.००

८४. **बोका वितरण** समानिकरण पशु विकास को जनचेतना मुलक अभिमुखी करण कार्यक्रम अन्तरगत परजिवी नियन्त्रण, वाखा पालन तालिम, कुखुरा पालन तालिम, वंगुर पालन तालिम र जुनेटेक रोग सम्वन्धी गोष्टी समेत ५ कार्यक्रमको रु ८ लाखलाई परिवर्तन गरी २०७५।१२।१५ को नगर कार्यपालिकाको निर्णय नं. २ ले नश्ल सुधार कार्यक्रम राखी पशु शाखाको २।१ को लागत अनुमान अनुसार २४ बोका निशुल्क वितरण गर्ने गरी निम्न भौ नं

वाट पुरै रकम खर्च गरेको छ । तर २४ कृषकको छनोट प्रकृया, आवश्यकताको पहिचान तथा निवेदन र बोका बुझिलिनेको विवरण बेगर विमा तथा गुणस्तर परिक्षण र ट्याग समेत नलगाई २४ जनालाई वितरण गरेको भरपाईको आधारमा मात्र खर्च लेखेकोले सो कार्य भए गरेको हो भन्न नसकिएको । अत वितरित बोकाको अनुगमन गरी प्रतिवेदन पेश हुनु पर्ने रु

८०००००.००

| गो भा नं र मिति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ५३९/३/२९ | राम गणेश महतोले सगरमाथा व्यवसायिक वाख्रा पालन फार्म सिरहावाट असार ५ गते १२ वटा वोयर वाखा प्रति गोटा रु ३१६६६।६६ का दरले खरिद तथा ढुवानी र दाना समेतको विल पेश | ४०००००.०० | वितरित भरपाई र खरिद विल वाहेक अन्य विवरण पेश नभएको |
| ५६२/३/३० | चन्द्र किशोर यादवले कौवाई वाखा पालन श्रोत विकास समूह उदयपुरवाट असार ५ गते १२ वटा वोयर वाखा प्रति गोटा रु ३१६६६।६६ का दरले खरिद तथा ढुवानी र दैनिक भ्रमण भक्ता समेतको विल पेश | ४०००००.०० | वितरित भरपाई र खरिद विल वाहेक अन्य विवरण पेश नभएको |
| | | | |

८५. **वितरण भरपाई** ५४३।३।२९ कौवाई वाखा पालन श्रोत विकास समूह उदयपुरवाट असार १८ गते नेपियर घासको सेट १०५०० सेट खरिद गरी ढुवानी विल सहित राम गणेश महतोको पेश्की रु ५००००।०० फछ्यौट गरेको छ । खरिद घास सेट पालिका भित्रका विभिन्न १० किसानलाई १३०० सेट वितरण गरी वाकी ८७०० सेट मौज्दात राखेकोले प्रति सेट रु ४।२५ का दरले वितरण गरेको भरपाई पेश हुनु पर्ने रु

३६९७५.००

८६. **विद्युतिकरण** ६५६।३।३१ ग्रामिण विद्युतिकरण ट्रान्सफरमर जडान कार्य उ.स.लाई निम्नानुसार ९ वटा योजनाको वचत रकमवाट रु ७१०६६८।०० भुक्तानी गरेको छ । रु ५९००००।०० को ट्रान्सफरमर कपर समेत १५ आईटम सामान खरिद गरेको भनी नमामी सप्लायर्सको विजक १०१।३।२० वाट मु.अ.कर.रु ११३९७०।०० समेत रु ९९०६७४।०० को विजक पेश गरेको छ । नमामीले मु.अ.कर आ.रा.का.मा दाखिला समेत गरेको छैन । विद्युतिकरण कार्य सम्पन्न नभएको भनी प्राविधिकले ठेक्का विलमा उल्लेखित सामान वडा नं. ११ को कार्यालयमा दाखिला भई वडा वाट सिफारिस प्राप्त भएको व्यहोरा उल्लेख गरेको छ । लागत अनुमानमा रु १०७१५९९.८६ र कन्टेन्जेन्सी रु २८७३५।०० समेत रु ११००३३५।४७ उल्लेख गरेकोमा कार्य सम्पन्न र नापीकिताव समेत तयार नगरी वडा नं. ११ को दाखिला नम्वर २८ वाट जिन्सी आम्दानी बाधेको प्रमाणको आधारमा भुक्तानी गरेकोछ । अनुगमन प्रतिवेदन अनुसार मिति २०७६।२।२३ मा सम्झौता भई ३।१५ मा कार्य सम्पन्न भएको उल्लेख गरेको योजना उ.स.संग सम्झौता समेत गरेको छैन । अत उल्लेखित सामान जडान गरेको प्रमाण पेश हुनु पर्ने रु

७१०६६८.००

| सि.नं.. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | १५० थान पोलतार खरिद | ३८५०००.०० |
| २ | खेलकुदलाई व्यवस्थित र प्रोत्साहन | २५०००.०० |
| ३ | कृषि पकेट क्षेत्रको वजारीकरण | ५००००.०० |
| ४ | टोल टोलमा सुचना संकलन | ५००००.०० |
| ५ | दलित वस्तिमा चर्पी निर्माण | १०००००.०० |
| ६ | पूर्ण सरसफाई वडा घोषणा | ५००००.०० |
| ७ | रक्सी वेचवेखन कार्यलाई नियन्त्रण | १००००.०० |
| ८ | लागु औषध नियन्त्रण | १००००.०० |
| ९ | आधारभुत विध्यालय स्थापना | ३०६६८.०० |

| | |
|---|---|
| जम्मा | ७१०६६८.०० |

८७. **सामान जडान** ६४५।३।३१ कृषि विद्युतिकरण उ.स. २४ लाई खानेपानीका लागि इनार निर्माणको रु १४७००००।०० र सडक किनारमा भएको तारपोल सार्ने कार्यक्रम वाट रु २७५०९५ समेत रु १७५५०९५।०० भुक्तानी गरेको छ । एउटै उपभोक्तालाई २ वटा योजनाको लागत अनुमान रु १९००९६४।०० तयार गरी पुरै रकम कार्यालयले व्यहोर्ने गरी २०७५।११।२३ आ अध्यक्ष राम आशिष महतो संग सम्झौता गरी आषढ १० मा कार्य सक्नेगरी कार्यादेश दिएको छ । ल.ई तयार गर्दा ८४ थान पि.एस.सी.पो्ल समेत ७ आईटम मेटेरियल कष्ट रु १०६७१४९।०० उल्लेख गरेकोमा नमामी सप्लायर्सको विजक ९४ र ११६ वाट १०९ थान पोल समेतका सामान खरिद गरेको विजक सम्लग्न गरी नापी किताव, ठेक्का विल, र कार्य सम्पन्न प्रतिवेदनमा ८० थान पोल जडान गरी पुरै रकमको कार्य भएको देखाई रकम भुक्तानी गरेको छ । खरिद गरिएको पोल मध्ये २९ थान समेत ७ आईटमको मुल्य रु ६२२७८५।०० का सामान वडा अध्यक्षको जिम्मा रहेको भनी नगर कार्यपालिकाको दाखिला नं. ३ वाट जिन्सी आम्दानी वाधि रकम भुक्तानी गरेकोले सामान जडान नै नगरी पुरै रकम भुक्तानी गर्ने आधार देखिएन । अत जिन्सी आम्दानी वाधी वडा अध्यक्षको जिम्मा रहेको सामान जडान भएको प्रमाण पेश हुनु पर्ने रु ६२२७८५.००

८८. **जडान नगरी भुक्तानी** ६७१।३।३१ वाडा नं. ११ का अध्यक्ष राम कुमार यादवलाई ९ मीटर पि.एस.सी.पो्ल ३ थान समेत ६ आईटम विदुतिकरणका सामान आचल सप्लायर्स वाट खरिद गरेको विल सम्लग्न गरी ठेक्का विल र वडाको सिफारिसको आधारमा रु ६३६५०।०० भुक्तानी गरेको छ । नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन वेगर सामान खरिद मात्र गरी वडा अध्यक्षलाई रकम भुक्तानी गरेको नियम सम्मत भएन । अत उक्त सामानहरु जडान तथा प्रयोग भएको प्रमाण पेश हुनु पर्ने रु ६३६५०.००

८९. **एउटै उपभोक्ता समिति** वार्षिक स्विकृत कार्यक्रममा धेरै योजना बनाई एउटै उ.स.लाई कार्यादेश दिई एउटा कार्यक्रम संचालन गरी रकम भुक्तानी गर्ने गरेको छ । यसरी विभिन्न कार्यको लागि विनियोजित बजेट वडा अध्यक्षको सिफरिसमा एउटै कार्यमा खर्च गर्नाले अन्य क्षेत्रमा सेवा ग्राहीले सेवा प्राप्त गर्न नसक्ने/नपाउने हुंदा यस्ता कार्यमा नियन्त्रण गरीनु पर्दछ । त्यस्तै धेरै योजना एउटै उ.स.लाई र सिधै आपूर्तक तथा वडा सचिवलाई समेत भुक्तानी गरेको छ । यस्तो अनियमित कार्यमा नियन्त्रण हुनु पर्दछ । यसका केही उदाहरणहरु:

| गो.भा.नं. र मिति | भुक्तानी पाउनेको नाम | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ५५८/३/३० | सडक सुधार तथा नाला निर्माण कार्य उ.स. ४ | अदर्श टोल देखि हुलाक सडक सम्म पि.सि.सि.ढलान समेत ९ वटा योजनाको १ लाख देखि ७ लाख सम्मका | १७७१८७४.३१ |
| **५६८/३/३१** | **सडक ग्राभेल तथा हुयुम पाईप जडान उ.स. १२** | महिला तथा वालवालिका विकास कार्यक्रम समेत ७ वटा योजनाको रु ८।०० देखि २५००००।०० सम्मका | ४८०६९९.८० |
| ५७७/३/३१ | पक्की नाला निर्माण कार्य उ.स. २ | छात्र छात्राहरुको लागी सिपमूलक तालिम समेत १० वटा योजनाको रु ३० हजार देखि १३ लाख ७० हजार सम्मका | २७०००००.०० |
| ६५६/३/३१ | ग्रामिण विद्युतिकरण ट्रान्सफरमर जडान कार्य उ.स. ११ | लागु औषध नियन्त्रण समेत ९ वटा योजनाको रु १० हजार देखि ३ लाख ८५ हजार सम्मको | ७१०६६८.०० |
| ५४०/३/२९ | कृषि विद्युतिकरण कार्य उ. स. ३ | वडा अध्यक्षको सिफारिसमा फुटकर खर्च वाट रु १९९९०७ र कृषि विद्युतिकरण वाट रु ३ लाख | ४९९९०७.०० |
| ५२४/३/२८ | सडक ढलान तथा कृषि | वडा २१ मा २ वटा योजना सडक | १८७१२१५. |

| | | | |
|---|---|---|---|
| | सडक निर्माण कार्य उ.स. २१ | ढलानको रु १४७७०५४ र सडक निर्माणको रु ३९४१६० समेत | ०० |
| ३०७/३/१ | पक्की नाला निर्माण कार्य उ.स. १२ | कृषि विद्युतीकरण कार्य समेत ६ वटा योजनाको ५० हजार देखि २ लाख ५० हजार सम्मका | ८४९९६६.०० |

९०. **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यस बर्ष पारित गरेको  नीति तथा कार्यक्रम बमोजिम १० लाख भन्दा बढि लागत अनुमान भएका सडक कालोपत्रे, ढलान, भवन निर्माण तथा विधुतिकरण कार्यको गुणस्तरीयता सुनिश्चित नगरी देहाय बमोजिम कार्यको भुक्तानी गरेको देखिएकोले निर्माण कार्यमा गुणस्तरीय सुनिश्चित भएन ।

| बजेट उपशिर्षक | गोश्वरा भौचर | निर्माण ब्याबसायी/उ.स. | कार्य | लागत अनुमान रकम | खर्च रकम |
|---|---|---|---|---|---|
| समानीकरण पुजिगत | ३८६।३।१९ | विधुतीकरण कार्य उ.स. १४ | पोल जडान समेत विद्युतिकरण | ८७९९३७ | ८९६२११ |
| | ६५६।३।३१ | ग्रामिणविधुतीकरण ट्रान्सफरमर जडान कार्य उ.स. ११ | ट्रान्सफरमर खरिद र जडान | ११००३३५ | ७१०६६८ |
| | ६४५।३।३१ | कृषि विधुतीकरण उ.स. २४ | पोल जडान | १९००९६४ | १७५५०९५ |

९१. **हेभी मेशीनबाट कार्य गराएको :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९६ (९) मा उपभोक्ता समिति वा लामग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ । तर कार्यालय सँग सम्झौता गरी वाटो निर्माण र मर्मत गर्ने उपभोक्ता समितिहरुले  विभिन्न निर्माण व्यवसायहरु सँग एक्साभेटर, लोडर, जे.सी.वी., बकेट भाडामा लिई निर्माण/मर्मत गरेको छ ।  कतिपय उपभोक्ता समितिले कार्यालयबाट सम्झौता बमोजिम प्राप्त गर्ने अनुदान रकम भन्दा बढी रकमको भाडाको विल पेश गरेका छन् । भाडामा डोजर लोडर दिने आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धीत आन्तरिक राजस्व कार्यलयमा दाखिला गरेको समेत देखिएन । नमूना छनोटको आधारमा लेखापरीक्षण गर्दा देखिएका केही योजनामा एक्साभेटर, डोजर तथा जे.सी.वी.प्रयोग गरी उपभोक्ता समितिले भुक्तानी लिएका योजनाहरु निम्न छन ।

| गो.भौ.नं. र मिति | योजना/उपभोक्ताको नाम | स्काभेटर,जेसीवी भाडामा दिने आपुर्तक | भाडा अवधी | कार्यालयको अनुदान | भाडा बापत भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ३२८/३/४ | सडक निर्माण तथा मर्मत उ.स. | वजरंगवली कन्स्ट्रक्सन प्रा.ली. | ६० घण्टा | १०८४१० | १३५६०० |
| ५२१/३/२८ | हिरा चौधरी | वि.पि.कन्स्ट्रक्सन | ७१ घण्टा | १६०४६० | १६०४६० |
| ५३१/३/२८ | पुर्नी पोखरि उकास र रिटेनिङ्ग उ.स. १३ | आदर्श निर्माण सेवा | ७५ घण्टा | १४४९५३९ | १६९५०० |
| ५६७/३/३० | सडक उकास मर्मत तथा ग्राभेल उ.स. २३ | आदर्श निर्माण सेवा | १०० घण्टा | १०९२६७५ | २१४७०० |
| | | वि.एन भैरव कन्स्ट्रक्सन एण्ड स प्रा.ली | ६१ घण्टा | | १३०९६७ |
| ६३९/३/३१ | माटो ग्राभेल उ.स. १५ | कामाक्ष इन्टरप्राइजेस | ८५ घण्टा | ६००००० | २४०१२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६४६/३/२१ | सडक ग्राभेल निर्माण कार्य उ.स. २४ | गोपी कृष्ण कन्स्ट्रक्सन | १५० घण्टा | १२४१२७७ | ३००१८४ |
| | | मा पवित्रा निर्माण सेवा | १५० घण्टा | | ३००१८४ |
| जम्मा | | | | ४६५२३६१ | |

९२. **कन्टिजेन्सी खर्च** : आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम मध्ये कुनै योजनामा २.५ र कुनैमा ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भूक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पूजिगत तर्फ २१५ र चालुतर्फ १० वटा योजना बाट संकलन भएको रु. ३२८१८२१।०० को विवरण पेश गरेको छ । कन्टेन्जेन्सीवाट के कति खर्च गरेको छ विवरण पेश गरेको छैन । योजना अनुगमन, कार्यालयको काम, योजना सर्भेक्षण, मर्मत लगायतका कार्यमा उक्त रकम खर्च गर्नु पर्नेमा सो गरेको छैन । सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम कन्टिन्जेन्सीको रकम खर्च गर्दा ५० प्रतिशत पूँजीगत र ५० प्रतिशत चालु प्रकृतिको खर्च लेख्नुपर्नेमा सो प्रक्रिया अवलम्वन गरेको देखिएन ।

९३. <u>**स्थानिय पूर्वाधारविकास साझेदारी कार्यक्रम**</u>

**बढी भुक्तानी** .गो .भौ .नं ५९।२०७६.३.२७ खुट्टीखोला संरक्षण तथा हरितकण ज.उ.स.लहान १४ लाई सम्भौता अनुसार सम्पन्न काम परीमाणको ९५ प्रतिशत अर्थात १३३१८६०।३५ मात्र दिनु पर्नेमा १३५३४७६।७२ दिएकाले बढी भुक्तानी भएको रु २१६१६।३७ असुल गरी दाखिला हुनु पर्ने रु ....... २१६१६।३७

९४. **भपाई वेगरको खर्च** गो.भौ.नं६४।२०७३.३.३१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । पालिकाले सडक सुधार बाटो ग्राभेल तथा ह्यूमपाईप जडान कार्य लहान नगरपालिका १८र१५ वडरवोना ढोढना कार्य गराउदा रु१६३४६८१।०० को मूल्याङ्कन अन्तरगत उपभोक्तालाई रु १४८४८६१ भुक्तानी गरेकोमा उपभोक्ताको विलमा समावेश भएको १० जना कामदारको ४३ म्यान डेज (कार्य दिन) को रु १०३०००।०० को डोरहाजिरीमा कार्य अवधि नखुलाएको उपस्थितिमा केवल हा हा जनाई रकम बुझिलिनेको भर्पाई नभएकोले आधार प्रमाण वेगर खर्च लेखेको रकम असुल हुनु पर्ने रु १०३०००।००

९५. **बढी भुक्तानी**गो.भौ.नं ६२।२०७३.३.३१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ पालिकाले लहान नगरपालिकाको वडा नं १३,१४र२४को विभिन्न १२ स्थानमा डिप वोरिङ कार्य गराउदा रु ४९८०१४६ को मूल्याङ्कन अन्तरगत उपभोक्तालाई रु ४८८११३९।३८ भुक्तानी गरेकोमा उपभोक्ताको विलमा समावेश भएको ३९ जना कामदारको प्रति कामदार २५ म्यान डेज(कार्य दिन) को रु ३९५०००।०० को डोरहाजिरीमा कार्य अवधि सम्झौता मिति २०७६। ३। ३ भन्दा अगाडी देखिनै उपस्थिति गराइएको उपस्थितिमा केवल हा हा जनाई रकम बुझिलिनेको भर्पाई नभएकोले आधार प्रमाण वेगर खर्च लेखेको रकम असुल हुनु पर्नेरु ३९५०००।००

९६. **नन्फाईलर** :- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वासेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर दाखिला गरी करदाता ACTIVE रहनुपर्नेमा IRD Portal मा गइ PAN Search गर्दा करदाता देहाय बमोजिम अबधि देखि ननफाइलर देखिएको छ । नन्फाइलर करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुदा मू. अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु. १७१२०५.४५

| ब. उ. शि. नं. | गोश्वरा भौचर नंवर | आपुर्तिकता | कार्य | आपुर्तिकर्ता पान नंवर | विजक नंवर मिति | मुअकर रकम | ननफाइलर अवधि |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थानिय. पू.वि.सा .का | ६२।२० ७६.३.२ ७ | साईबाबा हार्डवेयर | डिपवोरिङर उ.स | ३०४३२९ ८१० | ६४६/२०७ ६.३.३१ | १६०५४ ५.४५ | २०७६ असार |
| | ६३।२० ७६।३।२ ७ | गोदावरी आयरण स्टोरएण्ड सप्लायर्स | पोखरी जिर्णोदार | ३०२७४२ १४९ | ९३/२०७६. ३.१५ | १०६६०. ०० | २०७५ फगुन |
| | | जम्मा | | | | १७१२० ५.४५ | |

९७. **आपुर्तकको विजक वाट उ.स. लाई भुक्तानी**गो.भौ.नं ६२। २०७६।३।२७सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९६ (९) मा उपभोक्ता समिति वा लामग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्य लोडर एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न तथा अन्य आपुर्तकबाट कार्य गराउन सकिने छैन भन्ने व्यवस्था गरेको छ । तर कार्यालय सँग सम्झौता गरी कालोपत्रे, विद्युतिकरण तथा वोरिङ्गको कार्य उपभोक्ता समितिहरुले विभिन्न निर्माण व्यवसायी तथा आपुर्तकहरु सँग कार्य गराएको विजक सम्लग्न गरी कार्य सम्पन्न गरेका छन । कतिपय उपभोक्ता समितिले कार्यालयबाट सम्झौता बमोजिम प्राप्त गर्ने अनुदान रकम भन्दा बढी रकमको विल विजक पेश गरेका छन् । आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धीत आन्तरिक राजस्व कार्यलयमा दाखिला गरेको समेत देखिएन । नमूना छनोटको आधारमा लेखापरीक्षण गर्दा देखिएका केही योजना मध्ये स्था. पू.वि.सा. कार्यक्रमतर्फ वडा नं १३, १४ र २४ मा डिप वोरिङ गरि सिंचाई गर्न ११ थान डिप वोरिङको लागि रु.५५७२११२।५० को संसोधित लागत अनुमान स्वीकृत भई नगरपालिका ले रु ५०,००,०००।०० दिने गरी डिप वोरिङ उपभोक्ता समिती संग २०७६।३।२० भित्र कार्यसम्पन्न गर्नेगरी २०७६।३।३ मा संझौता भएको मा नापजांच मूल्याङ्कन पश्चात रु ४८८११३९।३८ दिएको पाईयो ।निम्न आपुर्तकको विजक.प्रयोग गरी उपभोक्ता समितिले भुक्तानी लिएको रकम नियम अनुकुल भएन ।

| निर्माण व्यावसायि | विजक नम्वर | रकम |
|---|---|---|
| शाही वावा हार्डवेयर | ६४६।३।२१ | १३९५५१०.४५ |
| चुव्लु कन्सट्रक्सन | ३।३।१८ | १८६५६३० |
| एलिसा डिप वोरिङ ड्रिलिङ सेवा | १९।३।३ | १४०३४६० |
| | जम्मा | ४६६४६००.४५ |

९८. **अनुगमन भत्ता-** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको अनुगमन गरे बापत पाउने पारिश्रमिक सम्बन्धी स्पष्ट व्यवस्था गरेको छैन । तर .पालिकाले वभिन्न मितिमा सरसफाई तथा मलेरिया डेंगु रोगको किटनासक औषधि स्प्रे गरेको कार्यको अनुगमन गरेको भनी पदाधिकारी एवं कर्मचारीहरुको नाममा देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको छ । यसरी कानुनमा अनुगमन भत्ता सम्बन्धी स्पष्ट व्यवस्था नभएको अवस्थामा समेत अनुगमन भत्ता खर्च लेख्ने आधार नदेखिएको रु ४५०००

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | बिबरण | अनुगमन भत्ता रकम |
|---|---|---|---|
| वित्तिय सामान्यिकरण चालु | ९९९।२०७६.३.१८ | १ पदाधिकारी,९ कर्मचमरी कुल अनुगमन४१ | ४१०००.०० |
| गरिव संग विश्वेस्वर | ४१।२०७६.३.२५ | ४अनुगमनकर्ता | ४००० |
| | | | ४५०००.०० |

९९. **सडक वोर्ड :**

ठेक्का न १३।२०७४।०७५ कालोपत्रे वडा नं १ र २ को बाटो मर्मत कार्य गर्न कर वाहेक रु ३४४४२२१।९१ को लागत अनुमान स्वीकृत भई रु १८१९८७०। कबोल गर्ने कृष्ण निर्माण सेवा लहान १ संग २०७५।७।३० भित्र कार्यसम्पन्न गर्नेगरी २०७५।३।२७ मा संझौता भएको थियो । गो.भौ.नं १ २०७५।५।२२ बाट

| | | |
|---|---|---|
| | मोविलाईजेशन पेश्कि रु ३६५०००।०० दिएको थियो । प्रथम विल वापत विजक नं १ २०७५।८।६ बाट रु ९८८४८६।८६ को रनिङ विल पेश गरेकोमा पेश्की नकटाई पुरै रु ९८८४८६।८६ भुक्तानी दिएको छ । निर्माण कार्य २०७५।७।३० सम्म संम्पन्न हुनुपर्नेमा सम्पन्न हुन सकेको छैन । आ.व.२०७४।०७५मा सम्झौता भई २०७५।०७६ को कार्यक्रममा समावेश भई वोर्ड बाटसमेत सहमति भएको यो ठेक्का तोकिएको अवधिमा सम्पन्न हुन सकेको देखिएन । सम्झौताको अवधि सकिएता पनि तोकिएको अवधिमा सम्पन्न हुन सकेको देखिएन । पूर्व निर्धारित क्षति पूर्ति लिई सम्झौताको अवधि, कार्य सम्पादन जमानत, पेश्की जमानत, तथा विमाको म्याद थप गरि यथाशिघ्र निर्माण कार्य सम्पन्न गरी योजना फरफारक गरिनुपर्दछ ।निर्माण व्यावसायिलाई प्रथम विल वापत विजक नं १ २०७५।८।६ बाट रु ९८८४८६।८६ भुक्तानी दिंदा मोविलाईजेशन पेश्कि रु ३६५०००।०० कट्टा गरी रु ६२३४८६।६८ मात्र भुक्तानी दिनुपर्नेमा पुरै रकम दिएको तथा सडक वोर्ड वाट सहमती तथा बजेट सुनिस्चितता नभएकोले पेश्की रकम असुल हुनु पर्ने रु ....... | ३६५०००।०० |
| १०० | .ठेक्का न १४।२०७४।०७५ पुरानो बजार सडक ममर्त (वडा नं ५ र ६) गर्न कर वाहेक रु. ३९,३५,३१९।०४ को लागत अनुमान स्वीकृत भई २०५९७५८।३५ कबोल गर्ने कृष्ण निर्माण सेवा लहान १ संग २०७५।७।३० भित्र कार्यसम्पन्न गर्नेगरी २०७५।३।२७ मा संझौता भएकोमा गो.भौ.नं २। २०७५।५।२२ बाट मोविलाईजेशन पेश्कि रु ३६००००।०० दिएको थियो । प्रथम विल वापत गो.भौ.न २। २०७५।८।६ बाट रु १४७९७१६।०० को रनिङ विल पेश गरेकोमा दिएको भन्दा फरक पेश्की ३६५०००। नकटाई रु ११,१४,७१६।०० भुक्तानी दिएको छ । ठेक्का को अभिलेख व्ययस्थित नराखिदा पेस्कि दिएको र फर्छिएको हिसाव मिलेको देखिएन । आ.व.२०७४।०७५मा सम्झौता भई २०७५।०७६ को कार्यक्रममा समावेश भई वोर्ड बाटसमेत सहमति भएको यो ठेक्का तोकिएको अवधिमा सम्पन्न हुन सकेको देखिएन । अत पूर्व निधारित क्षति पूर्ति लिई सम्झौताको अवधि, कार्य सम्पादन जमानतको म्याद थप गरि यथाशिघ्र निर्माण कार्य सम्पन्न गरी योजना फरफारक गरिनुपदछ । | |
| १०१ | **वर्षान्तमा समझौता** हाटबजार (गुदगाउ देखि जे.एस. मुरारका... सम्म ) वडा नं ५, ६ र १० मा सडक ममर्त गर्न कर समेत रु. ३९९१०५३।८७ को लागत अनुमान स्वीकृत भई ३७९६४५१।६२ कबोल गर्ने खुट्टी वलान निर्माण सेवा लहान १० संग २०७६।३।३० भित्र कार्यसम्पन्न गर्नेगरी २०७६।३।२४ मा संझौता भएको छ । वर्षान्तमा सम्झौता गरी कार्यादेश दिईनाले तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेकोले सर्वसाधरण जनताको आवागमनमा सहजिकरण हुन सकेको देखिएन | |
| १०२ | **ब.उ.सि.नं. ३६५०१५३ जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा**<br>**निकासा :-** सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस पालिकाले आर्थिक बर्ष २०७५।७६ मा २४ वडाका विभिन्न लाभग्राहीलाई रु ११५८१००००।०० खर्च गरेको देखिन्छ भने यस सम्बन्धमा देखिएका ब्यहोरा देहाए अनुसार रहेका छन । | |
| १०३ | **सामाजिक सुरक्षा भत्ता र खर्चको भुक्तानि** : स्थानिय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नम्बर ३.५ मा नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागी तलब भत्ता लगायत अन्य रकमहरु समेत बैंङ्क खाता मार्फत भुक्तानी गर्ने व्यबस्था मिलाउनु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । प्रस्तुत आ.ब. २०७५।०७६ मा सामाजिक सुरक्षाको अँतरगत वाल पोषण तर्फ सम्पूर्ण खर्च रकम संरक्षकको हस्ताक्षर गराई रु ३४४९६००।- पटक पटक गरेर वडागत पेश्कि छुट्याई केहि बडामा बितरण गर्न एकमुष्ट नगद पेश्कि लिएर वडा, वडामा बितरण गरेको पाईयो । नगदै भुक्तानी गर्दा हुनसक्ने गल्ती, भुल त्रुटी तथा जालसाजी लाई मध्यनजर गर्दै सम्बन्धीत सवैको वैक खाता खोलि एम.आई.एस तथा वैंकिङ प्रणाली एकआपसमा आबद्ध गरि वैंकिङ प्रणाली मार्फत सा.सु. वितरण गर्न नगरपालिकाको ध्यान जानुपर्दछ । | |

| | | |
|---|---|---|
| १०४ | **अनुगमन नभएको:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २८ मा उप प्रमुख तथा उपाध्यक्षको संयोजकमा ७ सदस्य रहेको एक अनुगमन तथा मुल्याङ्कन र प्रतिबेदन समिति रहने र उक्त समितिले समाजिक सुरक्षा भत्ता बितरणको नाम दर्ता, नबिकरण, भत्ता बितरण, लाभग्राहीसंग भेटघाट तथा सुझाव संकलन र सार्वजनिक सुनाइको प्रतिबेदन अध्ययन गर्ने, सुझाव कार्यान्यन तथा गुनासो सम्बोधन भए नभएको समिक्षा गर्न, कार्यक्रम सम्बन्धमा अनियमिता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागीो सफारिस गर्न र सही ब्यक्तिलाइ सही समयमा सही रकम प्रदान भए नभएको अध्ययन गरी गर्नु पर्ने बिषयमा सुझाब दिने र चौमासिक रुपमा बैठक बसी समितिले चौमासिब प्रतिबेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले समाजिक सुरक्षा वापत रु ११५८१००००।०० बितरण गरेकोमा कार्यबिधिले उल्लेख गरे बमोजिमको ब्यवस्था गरे अनुसार अनुशरण गरेको देखिएन । अत कार्यालयले बितरण गरेको रकम सही रुपमा बितरण गरेको छ भन्ने बिश्वस्त हुन सक्ने अनुगमन प्रतिबेदन पेश गरेको देखिएन । कार्यालयले यस तर्फ ध्यानदिनु पर्ने देखिन्छ । | |
| १०५ | **बैक मार्फत भत्ता बितरण नगरेको:**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृती बिना हातहातै नगद भत्ता बितरण गर्न पाइने छैन भन्ने ब्यवस्था छ । यस कार्यालयले अन्य वालवालिकाको रु .३४४९६००।०० ल्याप्चे सही छाप गरी बितरण गरेको देखियो । यसरी बितरण गरेको रकमको सार्वजनिक समिक्षा पनि गरेको देखिएन । यसरी बितरण गरेको रकम र्कायबिधिले तोकेको प्रक्रिया पुरा गरेको देखिएन । अत यस पालिकाले कार्यबिधिमा उल्लेख भएको ब्यवस्था अनुसार बैक मार्फत सामाजिक सुरक्षा रकम बितरण गर्नु पर्दछ । | |
| १०६ | **पेश्की कायम नगरेको** गो.भौ.नं १४८।२०७६.३.२९ वडा नंबर २४ का गुणा नन्द मण्डललाई बाल पोषण भत्ता वितरण गर्न अग्रिमरुपमा रु ८४१४००।०० उपलब्ध गराएकोमा भत्ता वितरण पूर्व नै बजेट खर्च जनाई खर्च लेखेको पाईयो । पेश्कि कायम नगरि सरकारी रकम जोखिममा रहने गरी उपलब्ध गराएको रकमको विल भरपाई पेश गरि नियमित हुनु पर्ने रु | ८४१४००।० |
| १०७ | **ब.उ.शि.नं. ८०१७६९३ अन्तर सरकारी वित्तीय हस्तान्तरण शसर्त**<br>**शिक्षक तलबी प्रतिवेदन :-** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार स्थानीय तहले सम्बन्धित स्थानीय तह अर्न्तगतका विद्यालयहरुमा तत्काल रहेको शिक्षकहरुको दरबन्दी सम्बन्धी विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट यकिन गर्नुपर्ने उल्लेख छ । साथै सोको आधारमा विवरणमा उल्लेखित शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराएर मात्रै सोको आधारमा विद्यालयको तलबी माग फारम समेत रुजु गरी शिक्षक तलब सम्बन्धित विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष नगरपालिका अर्न्तगतका विभिन्न ५९ विद्यालय अर्न्तगतका स्थायी र अस्थायी शिक्षक, राहत शिक्षकको तलब भत्तामा मात्रै रु. १३१७३९०००।०० खर्च गरेको छ । कार्यालयले शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइएकोले शिक्षकहरुको तलब, ग्रेड रकम एवं भत्ता खर्च यकिन गर्न सकिएन । अतः तलबी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ । | |
| १०८ | **कार्यक्रमगत खर्च खाता** आर्थिक कार्यविधि नियमावली को नियम ३५ (२) (क) मा कुनै पनि रकम को खर्च गर्दा रकम स्वीकृत बजेट भित्र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने खर्च गर्न सकिने उल्लेख छ । त्यस्तै दफा ४५ (क) मा स्वीकृत रकम सम्बन्धित सेवा तथा कार्यक्रम को निमित्त स्वीकृत सिमा भित्र रही सोही प्रयोजनमा खर्च गनुपर्ने उल्लेख भएको कार्यालयले सशर्त अनुदानको विषयगत खर्च को छुट्टाछुट्टै स्रेस्ता खडा गरी वैक नगदी कितावमा प्रविष्ट गरी निकासा खर्च र बाँकी देखिने गरी कार्यक्रमगत खर्च खाता तयार गरी कृयाकलाप अनुसार कृयाकलापको सिमाभित्र रहेर खर्च गनुपर्नेमा सो गरेको छैन । कार्यकमगत खर्च खाता नराखेको पाइयो जसले गर्दा विषयगत कार्यकम सिमाको परिपालना भएको पाईएन । यसले गर्दा कुन-कुन विषयगत क्षेत्रमा के कति खर्च भएको कुन-कुन कृयाकलापमा कति खर्च भयो एकिन गर्न सकिएन । | |

१०९ **लक्ष्य प्रगती विवरणः** बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले आर्थिक विधि नियमावलि २०६४ को नियम २५ तथा अनुसुचि २ बमोजिमको ढाचामा चौमासिक प्रगती विवरण तयार गर्नु पर्नेमा चौमासिक लक्ष्य प्रगती विवरण तयार गरेको पाइएन । त्यसबाट स्विकृत कार्यक्रम अनुसार कुनकुन कार्यक्रम सन्चालन भए, कुन कार्यक्रम सन्चालन भएनन्, कुन कुनमा तोकिएको लक्ष्य भन्दा न्यून प्रगती भयो यकिन गर्न सकिएन ।

११० **लाभग्राहीको अभिलेखः** पालिकाले विगत वर्षमा कुन कुन व्यक्ति सस्था लाभग्राहीलाई वस्तुगत, नगद तथा परामर्श सेवा प्रदान गरेको थियो, यो वर्ष कुन-कुन लाभग्राहीलाई के-के अनुदान दियो अभिलेख राखेको छैन । अभिलेख नराख्दा एउटै व्यक्ति सस्थालाई पटक पटक अनुदान जानसक्ने र कतिपय अत्यावश्यक अवस्थामा सेवासुविधा पाउनबाट बञ्चित हुनसक्ने देखिन्छ ।

१११ **शिक्षक अभिलेख :-** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार शिक्षा विभाग समावेशी शिक्षा शाखाबाट प्रमाणित गरी पठाएको दरबन्दी विवरणका आधारमा शिक्षकहरुको अभिलेख अद्यावधिक गरी शिक्षक एवं कर्मचारीहरुको तलब भत्ता लगायतका रकम विद्यालयगत रुपमा यकिन गरी खर्च लेख्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले विद्यालयगत रुपमा शिक्षकहरुको स्थायी, अस्थायी एवं राहत दरबन्दी विवरण अद्यावधिक गरको पाइएन । साथै नगरपालिकाले यसवर्ष कुन कुन विद्यालयमा के कति शिक्षकहरुको नयाँ नियुक्ति, सरुवा, बढुवा, अवकास एवं बेतलबी बिदामा छन् सोको अद्यावधिक विवरण लेखापरीक्षणमा पेश नगरेकोले विद्यालयको तलबी माग फारामलाई नै आधार मानी तलब निकासा भिडान गरिएको छ । जसले गर्दा तलब निकासा रकम यथार्थपरक एवं दुरुस्त छ भनी आश्वस्त हुन सकिएन ।

११२ **दरबन्दी व्यवस्थाः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । पालिकाले बाल विकास समेतका सामुदायिक शैक्षिक संस्था लाई अनुदान दिएकोमा कुन कुन शैक्षिक संस्था विद्यालयमा कुन कुन तहको के कति दरबन्दी रहनुपर्ने हो सो स्वीकृत गरेको पाईएन । पालिकाले उपलब्ध शिक्षक कर्मचारीहरुलाई आन्तरिक रुपमा आवश्यकता अनुसार खटाएको पाईयो । यस सम्बन्धमा पालिकाको शिक्षा शाखा प्रमुखलाई सोधिएकोमा देशका सम्पूर्ण शिक्षक कर्मचारीहरुको दरबन्दी शिक्षा मन्त्रालयमा पूल दरबन्दीको रुपमा रहेको जानकारीमा आयो । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।

११३ **पाठ्यपुस्तक अनुदान -** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ त्यस्तैकार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५ अनुसार स्थानीय तहले वि.नि.एवं स्रोत व्यक्तिले यकिन गरेको विद्यालयका कक्षागत विद्यार्थीहरुको विवरणको आधारमा दोस्रो चौमासिकमा पहिलो किस्ता स्वरुप ७५ प्रतिशत पाठ्यपुस्तक रकम निकासा विद्यालयलाई दिने व्यवस्था छ । त्यस्तै नयाँ शैक्षिक सत्र प्रारम्भ भएपश्चात विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद बिल एवं नामनामेसी सहितको वितरण भरपाई सहित नपुग रकम विद्यालयले माग गरे पश्चात २५ प्रतिशत रकम विद्यालयलाई उपलव्ध गराउने उल्लेख छ । नगरपालिकाले यस वर्ष पालिका अन्तर्गतका ५९ विद्यालयहरुलाई पाठ्यपुस्तक बापतको निकासा रकम देहाय भौचरबाट विद्यालय खातामा निकासा दिएकोमा विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद बिल एवं नामनामेसी सहितको वितरण भरपाई तथा सोको अनुगमन प्रतिबेदन पेश नभएको रु. ४४६१८६९.७५

| गोश्वरा भौचर नंबर | बिबरण | रकम |
|---|---|---|
| २०३।२०७६।१।२० | ५० वटा बिद्यालयका कक्षा १देखि १० सम्मका बिद्यार्थिलाइ पाठयपुस्तक | २७८६१५७.५० |
| २४४।२०७६।२।२९ | ११ वटा धार्मिक मदरसा बिद्यालयका बिद्यार्थिलाइ पाठयपुस्तक | ९९३५३.०० |
| २५७।२०७६।३।८ | ५९ वटा बिद्यालयका बिद्यार्थिलाइ पाठयपुस्तक | १३७६३५९.२५ |
| २७९।२०७६।३।२२ | ४ वटा उच्च मा.वि. पाठयपुस्तक | २०००००.०० |
| | जम्मा | ४४६१८६९.७५ |

११४ **छात्रवृत्ति अनुदान -** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ त्यस्तै शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार आवासिय छात्रबृत्ति, दलित छात्र छात्रा र विद्यालयमा अध्ययनरत छात्रा छात्रवृत्ति लगायतका छात्रवृत्ति रकम विद्यालयगत विद्यार्थी लगतको आधारमा स्थानीय तहले विद्यालयहरुको खातामा निकासा दिने र विद्यालयहरुले नाम नामेसी अनुसार भरपाई बनाई वितरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष छात्रवृत्ति वितरणको लागि विद्यालयहरुलाई देहाय बमोजिम निकासा दिएकोमा विद्यालयले उक्त रकम सम्बन्धित विद्यार्थीहरुलाई वितरण गरे वा नगरेको सम्बन्धमा कार्यालयले भरपाई कागजात एवं अनुगमन गरी प्रतिवेदन गरेको नपाइएकोले वितरण गरेको प्रमाण पेश हुनु पर्ने रु.

| गोश्वरा भौचर नंबर | बिबरण | रकम |
|---|---|---|
| २०४।२०७६।१।२० | ५९ विद्यालयलाइ छात्राछात्रवृत्ति अनुदान | १४२८४००.०० |
| २०५।२०७६।१।२० | बिपन्न लक्ष्यित ५९ बिद्यालयलाइ गैर आबासीय छात्रबृद्धि | १९९०७००.०० |
| २४५ २०७६।२।२९ | १३ मदरसा बिद्यालयलाइ छात्रा छात्राबृत्ति अनुदान | १६२४००.०० |
| ३१५।२०७६।३।३१ | १ मा.बि. छात्रबृत्ति | २३२०००.०० |
| ७९।२०७५।८।३ | १मा.बि द्रिष्टिबिहिन आबासिय छात्रबृत्ति | १०००००.०० |
| १५१।२०७५।११।२३ | १०जना बिद्यार्थी आवासिय छात्रबृत्ति | १०००००.०० |
| | **जम्मा** | **३१३५००** |

३८१३५००

११५ **संचालन अनुदान-** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायबमोजिम सामुदायिक सिकाई केन्द्र संचालन र वैकल्पिक बिद्यालय संचालन वापत बिद्यालयलाइ अनुदान दिएकोमा उक्त अनुदान रकमको बिल भरपाई पेश नभएवाट अनुदान वापतको रकम तोकिएको कार्यमा खर्च भएको बिल भरपाई पेश हुनु पर्ने रु.

| गोश्वरा भौचर नंबर | बिबरण | रकम |
|---|---|---|
| २५६।२०७६।३।८ | ४ सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान | ८०००००.०० |
| २८६।२०७६श्र३।२६ | ७ परम्परागत धार्मिक तथा बैकल्पीक बिद्यालय(मदरसा)सञ्चालन अनुदान | १२६००००.०० |
| २९६।२०७६।३।२७ | राजदेबि सामादायिक सिकाइ केन्द्र सञ्चालन अनुदान | २०००००.०० |
| ३१४।२०७६।३।३१ | पशुपति आदर्श मा.बि.बैकल्पीक बिद्यालय सञ्चालन अनुदान | २५१०००.०० |
| | जम्मा | २५११००० |

२५११०००

११६ **तलवी प्रतिबेदन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तह अर्न्तगतका कृषि,पशु,शिक्षा,स्बास्थ्य लगायत बिषयगत कार्यलयका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी कर्मचारीको तलब खर्च लेखेको देखियो । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

११७ **विल भरपाई–**आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले भौ नं २२७ मिति २०७६।२।१९ वाट भिटामिन ए क्याप्सुल आम बितरण कार्यक्रमका लागी महिला स्बयंसेबिका परिचालन खर्च लगायत पोशाकको भरपाइ नभएको रु

१०३१५००।०

११८ **अनुगमन भत्ता-** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको योजनाहरु अनुगमन गरे बापत पाउने पारिश्रमिक सम्बन्धी स्पष्ट व्यवस्था गरेको छैन ।.पालिकाले वडा नं.१ देखि २४ सम्मका विभिन्न योजना तथा कार्यक्रम बिभिन्न मितिमा अनुगमन गरेको भनी पदाधिकारी एवं कर्मचारीहरुको नाममा देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको छ। यसरी कानुनमा अनुगमन भत्ता सम्बन्धी स्पष्ट व्यवस्था नभएको अवस्थामा समेत अनुगमन भत्ता खर्च लेख्ने आधार नदेखिएको रु

५४५००

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | बिबरण | अनुगमन भत्ता रकम |
|---|---|---|---|
| सघिय सरकारका हस्तान्तरित कार्यक्रम | ३११।२०७६।३।३१ | महिला स्वास्थ्य स्वयंसेविका समिक्षा कार्यक्रम अनुगमन ५ कर्मचारी | १५५००.०० |
| सघिय सरकारका हस्तान्तरित कार्यक्रम | ३१२।२०७६।३।३१ | क्षयरोग उपचार केन्द्र अनुगमन १ पदाधिकारी ५ कर्मचारी | ३९०००.०० |
| | | **जम्मा** | **५४५००** |

११९ **कट्टी रकमको दाखिला प्रमाण पेश नभएको:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । विद्यालयले चौमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिक मा तलव भत्ता वित्तरण गर्दा कट्टी भएको सा.सु. कर, पारिश्रमिक .कर, ना.ल.कोष., क.सं कोष कट्टी तथा सापटि कट्टीको सक्कल प्रमाण पेश गनुपर्नेमा सो गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भनी विश्वस्त हुने आधार भएन ।

१२० **विद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ

१२१ **विद्यार्थी अभिलेख :** पालिकाले विद्यार्थीको विद्यालयगत तथा कक्षागत छात्र, छात्रा, दलित, लोपोन्मुख तथा जनजाति, अपांग तथा सिमान्तकृत विवरण खुलाई प्रमाणित तथ्यांक अभिलेख राखेको पाइएन । यसरी विवरण खुलाई अभिलेख नराखिँदा उपलब्ध गराएको पाठ्यपुस्तक, छात्रवृत्ति, बुक कर्नर तथा निरन्तर विद्यार्थी मुल्यांकन वापत उपलब्ध गराएको रकम यथार्थ तथ्याङ्कमा आधारीत छ भन्न सक्ने अवस्था रहेन ।

१२२ **ब.उ.शि.नं. प्रदेश सरकार शसर्त / नगरपालिका पूजिगत**

**पूँजीगतबाट चालु खर्च:** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । नगरपालीका कार्यालयले यो वर्ष सभाबाट पारित गरि चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नु पर्दछ ।

| बजेट उपशिर्षक नंवर | गोश्वरा भौचर नंवर | विवरण | खर्च रकम |
|---|---|---|---|
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | १२।२०७५।६।१५ | इन्धन | ११९८५०.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | २५।२०७५।६।२८ | पाउडर | ११४०००.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | ३३।२०७५।७।२४ | इन्धन | २०२००.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | ५८।२०७५।१०।९ | इन्धन | १५३५२९.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | ६४।२०७५।१०।१८ | इन्धन | १०४३५०.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | ६५।२०७५।१०।१८ | इन्धन | १४२००६.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | ७५।२०७५।११।१७ | इन्धन | ६०३१०.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | ९७।२०७५।१२।१८ | इन्धन | १२५८५१.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | १०३।२०७५।१२।२४ | इन्धन | ४३६५०.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | ११०।२०७६।१।१७ | इन्धन | १६१६३५.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | १३२।२०७६।२।२९ | इन्धन | २२९०६१.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | १११।२०७६।१।१७ | इन्धन | १६०५९८.५० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | १७४।२०७६।३।१९ | इन्धन | ३४७३४३.०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | १७४।२०७६।३।१९ | इन्धन | १२९३६३.०० |

| | | | |
|---|---|---|---|
| | | जम्मा | १९११७४६.५ |

१२३ **जटिल प्रकृति कार्यः** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७ को उपनिय(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर,रोलर ग्रेडर,बिटुमिन, जस्ता हेभि मेशिन प्रयोग गर्न सकिने छैन भन्ने व्यबस्था छ । तर सोहि नियमावलीमा लागत अनुमान तयार गर्दाको समयमानै हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृति कार्य भनी उल्लेख गरी प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिइ उल्लेखित कार्य गर्न सकिने व्यबस्था छ । नगरपालिकाले नियमावलीको व्यबस्था बमोजिम स्थानिय श्रममुलक प्रकृतिका कार्य मात्र उपभोक्ता समितिबाट गराउनुपर्नेमा जटिल प्रकृतिका हेभि उपकरण प्रयोगबाट हुने कार्य जस्तै बाटो पीच, ढलान, भवन निर्माण जस्ता उपभोक्ता आफैले गर्न नसक्ने कार्य पनि उपभोक्ता समितिबाट गराए पनि लागत अनुमान तयार गर्दाको समयमानै हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृति कार्य उपभोक्ता समितिबाट गराउनुपर्ने भनी उल्लेख गरी प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट लिखित सहमति लिएको नदेखिएकोले अनियमित रु ७२३५०४८.१६

| बजेट उपशिर्षक नंवर | गोश्वरा भौचर नंवर | उपभोक्ता समितिको नाम | कार्य | खर्च रकम |
|---|---|---|---|---|
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | २०१।२०७६।३।२६<br>९८।२०७६।१२।१९<br>५०७।२०७६।३।२६ | सडक सुधार तथा ढल निर्माण उ.स.लाहान ५ | नयाबजारदेखि दक्षिण होमियो अस्पताल सम्म बाटो पीच र ढल निर्माण | ७२३५०४८.१६ |
| | | | जम्मा | ७२३५०४८.१६ |

१२४ देहाय भौचरबाट सामान खरिद गरीएकोमा सम्बन्धित स्थानमा जडान भएको देखिएन । अत उक्त समान जडान गरेको प्रमाणित गर्ने नापी किताव लगायतका प्रमाण पेश हुनु पर्ने रु ५९९९९८।००

| बजेट उपशिर्षक नंवर | गोश्वरा भौचर नंवर | सप्लायर्सको नाम | कार्य | खर्च रकम |
|---|---|---|---|---|
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | २३३।२०७६।३।३१ | भावना एण्ड दौलत | खानेपानी सामान | १००३६७।०० |
| प्रदेश सरकारका हस्तान्तरित कार्यक्रम | २३६।२०७६।३।३१ | सोनु टेडर्स एण्ड सप्लायर्स | बिद्युतिय सामान | ४९९६३१।०० |
| | | | | ५९९९९८।०० |

१२५ **अनुगमन प्रतिबेदनः** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७ को उपनिय(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङकन, विल, भरपाई र खर्च प्रमाणित अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट बैठकबाट अनुमोदन गराई सम्बन्धि सार्वजनिक निकायमा पेश गनुपर्ने व्यबस्था छ । कामको प्राविधिक मुल्याङकन, विल, भरपाई र खर्च प्रमाणित अन्य कागजात तथा सार्वजनिक लेखापरीक्षण, अनुगमन प्रतिबेदन र सम्बन्धित वडाको सिफरिश समेतको आधार लिइ भुक्तानी गनुपर्नेमा नगरपालिकाले देहाय भौचरबाट भएको निर्माण कार्यको भुक्तानीमा विल, भरपाई तथा खर्च सार्वजनिक ,अनुगमन प्रतिबेदन र सम्बन्धित वडाको सिफरिश बेगर भुक्तानि भएकोले नियमित भएन ।

| बजेट उपशिर्षक नंवर | गोश्वरा भौ. नं | उपभोक्ता समितिको नाम | कार्य | खर्च रकम |
|---|---|---|---|---|
| तराइ मधेश सम्बृद्धि कार्यक्रम | ६५।२०७६।३।२७ | शिबशक्ति आधारभुत बिद्यालय निर्माण | बिद्यालय निर्माण | ४६३२७७५।९७ |
| तराइ मधेश सम्बृद्धि कार्यक्रम | ६६।२०७६।३।२७ | एकिकृत बस्ती निर्माण उ.स. | एकिकृत बस्ती निर्माण | ८२५३९७२।१५ |

१२६ **प्रधानमन्त्रि रोजगार कार्यक्रम :**

यस कार्यक्रम अन्तर्गत यस पालिकामा बाटो तथा कुलो निर्माण, मर्मत सरसफाई जस्ता कार्यक्रमहरु सञ्चालन भएको विवरण प्राप्त भयो । तर के-कति जनसङ्ख्यालाई उक्त कार्यक्रममा संलग्न गराईएको हो एकिकृत तथ्याङ्क प्राप्त हुन सकेन । बाटो तथा कुलो निर्माण, मर्मत तथा सरसफाइ जस्ता कार्यक्रमले तत्काल रोजगारी सृजना गरेता पनि पालिकाले दिर्घकालिन रोजगारी सृजना गर्ने कार्यक्रम छनौट गर्नेतर्फ ध्यान दिनु आवश्यक छ । वेरोजगारको तथ्याङ्क फारम संकलन गरेको तथ्याङ्क आधार (डाटा वेश) तयार गरि लगत तथा प्रतिवेदन तयार गरेको नपाइएकोले वास्तविक बेरोजगार यस कार्यक्रमबाट लाभान्वित भए भनि एकिन गर्न सकिएन ।

१२७ **बढी भुक्तानी** गो.भौ.नं. ६९।२०७६।३।२७ कुलो मर्मत बापत जम्मा रु. २,८०,९१३। भुक्तानी दिएकोमा रु. २,४४,४२५। को मात्र बिल भर्पाई संलग्न देखिएकोले बढी भुक्तानी गरीएको रकम भुक्तानी पाउने पक्षबाट असुल उपर गर्नु पर्ने रु........ ३६४८८

१२८ **गरीबसँग विश्वेश्वर कार्यक्रम** गो.भौ.नं. ४१।३।२४ श्री सगरमाथा व्यवसायिक बाखापालन फर्मबाट रु. ५००० का दरले जम्मा २५ वटा बाखा खरिद गरीएको छ । २५ जना कृषकको नाम समावेश भएको भौचरमा सि.नं. २२ र २३ का क्रमशः माया परियार र कुमारी परियारको नाममा बुझीलिनेको सहिछाप नभएको हुँदा निजहरुले बाखा बुझेको देखिएन । तसर्थ असुल गर्नुपर्ने रु. १००००

१२९ **राष्ट्रपति चुरे संरक्षण कार्यक्रम**

**फोटोकपि बिल तथा हस्तलिखित बिजक नं.**खुट्टी खोला नियन्त्रण उपभोक्ता समिति लहान ५ फाईनल बिल भुक्तानी गर्दा निम्मबमोजिमको फोटोकपि बिल राखी रकम भुक्तानी गरेको देखिँदा सम्बन्धित आपुर्तकबाट मुल्य अभिवृद्धि करको रकम असुल गर्नु पर्ने रु. ८९९५२२

| गो.भौ.नं. | आपुर्तक | बिजक नं. | भ्याट रकम |
|---|---|---|---|
| ६७।३।२७ | उमा शंकर ट्रेडिङ कन्सर्न | २५४।१२।२२ | ६९०४७ |
| | | २९७।१।२५ | २०४७५ |
| जम्मा | | | ८९५२२ |

१३० **बिल भर्पाई भन्दा बढी भुक्तानीः** निम्न उपभोक्ता समितिहरुलाई फाईनल बिलको रकम भुक्तानी गर्दा भुक्तानी दिईएको रकम भन्दा कम रकमको बिल संलग्न राखिएको देखिँदा बिल भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु. २२८३६७८

| गो.भौ.नं. | विवरण | भुक्तानी रकम | बिल भर्पाईको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| ४६।३।२४ | कोईराला खोला नमुना चुरे संरक्षण पोखरी उ.स. वडा नं. १५ | ३००००० | ५४०५६ | २४५९४४ |
| ५१।३।२४ | भलुवाई खोला पोखरी निर्माण उ.स. वडा नं. १५ ढोढना | १५७५२६० | १०४२००२ | ५३३२५८ |
| ५२।३।२४ | झौवाई खोल्सी चुरे संरक्षण उ.स. वडा नं १५ बानो | १५०६०३९ | २२४५६४ | १२८१४७५ |
| ७४।३।२९ | सर्रे नदी नियन्त्रण उ.स. वडा नं. २४ | २८४४२७६ | २६२१२७५ | २२३००१ |
| | **जम्मा** | ६२२५५७५ | ३९४१८९७ | २२८३६७८ |

१३१ **कार्यसम्पन्न भन्दा बढी भुक्तानीः** उपभोक्ता समिति मार्फत गरीएका निम्न उपभोक्ता समितिहरुलाई अन्तिम बिल भुक्तानी गर्दा पेश भएको कार्य सम्पन्न प्रतिवेदनमा उल्लेखित रकमभन्दा बढी भुक्तानी दिएको देखिँदा सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. १९९८०७

| गो.भौ.नं. | विवरण | कार्य सम्पन्न रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| ५२।३।२४ | झौवाई खोल्सी चुरे संरक्षण उ.स. वडा नं १५ बानो | १५००००० | १५०६०३९ | ६०३९ |
| ७३।३।२९ | देवी दह राष्ट्रपति चुरे संरक्षण उ.स. वडा नं. १७ | २२७३५६४ | २३८५१०९ | १११५४५ |
| ७७।३।३१ | हरित पेटिका निर्माण उ.स. वडा नं.५ | १४७२८८२ | १५१९१००.५९ | ४६२१८.५९ |
| ७५।३।३० | चुरे खुट्टी खोला नियन्त्रण उ.स. वडा नं. ६ | ४७०३२५ | ५०६३२९ | ३६००४ |
| | जम्मा | ५७१६७७१ | ५९१६५७७.५९ | १९९८०७ |

१३२ **नन्फाईलर :-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वासेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर दाखिला गरी करदाता ACTIVEरहनुपर्नेमा IRD Portal मा गइ PAN Search गर्दा करदाता देहाय बमोजिम अबधि देखि ननफाइलर देखिएको छ । नन्फाइलर करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुदा मू. अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु. ५७८३०.२२

| गोश्वरा भौचर नंवर | कार्य | आपुर्तिकर्ता | विजक नंवर मिति | मुअकर रकम | ननफाइलर अवधि |
|---|---|---|---|---|---|
| १९।२०७६।३।२५ | सामाग्री खरिद | आर.पी. सप्लायर्स | ९०।२०७६।३।३ | ४८४३७.२२ | २०७५ चैत्र देखि |
| ४२।२०७६।३।२५ | सामाग्री खरिद | कमला होम डेकोरेसन | ३०९ | ९३९३ | २०७५ असार देखि |
| | | जम्मा | | ५७८३०.२२ | |

१३३ **पेश्की** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु ७०५५९२६१

| सि.नं. | प्रापक प्रकार | पेश्की पाउने | बाँकी |
|---|---|---|---|
| १ | पदाधिकारी | प्रथम लाल चौधरी थारु | ५००० |
| २ | पदाधिकारी | मन्टी कुमार मण्डल | १०००० |
| ३ | पदाधिकारी | राकेश कुमार गुप्ता | ३०००० |
| ४ | पदाधिकारी | राज कुमार साह | १२५८५ |
| ५ | पदाधिकारी | सरियार कुमारी चौधरी | ५०००० |
| ६ | पदाधिकारी | हेमन्त कुमार यादव | ६६०० |
| ७ | कर्मचारी | अरुण कुमार चाैधरी | २००००० |
| ८ | कर्मचारी | अशोक कुमार मण्डल | २०७६९०० |
| ९ | कर्मचारी | कैलास महताे | ७७६००० |
| १० | कर्मचारी | गुणानन्द मण्डल | १४०००० |
| ११ | कर्मचारी | ज्ञान कुमार महताे | ९७१००० |
| १२ | कर्मचारी | जाेगेन्द्र महताे | ७५००० |
| १३ | कर्मचारी | प्रेमलाल चाैधरी | २००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | १४ | कर्मचारी | पशुपति चाैधरी | १६७६४०० | |
| | १५ | कर्मचारी | महेश राम | ५०००० | |
| | १६ | कर्मचारी | मायानाथ आचार्य | ३०००००० | |
| | १७ | कर्मचारी | रतन कुमार दास | ३६७००० | |
| | १८ | कर्मचारी | राम कृष्ण महतो | १००००० | |
| | १९ | कर्मचारी | राम विलास महतो | ३६७४०० | |
| | २० | कर्मचारी | लाेकेन्द्र कुमार शाही | ३००००० | |
| | २१ | कर्मचारी | वन्हु लाल चाैधरी | १४६५९०० | |
| | २२ | कर्मचारी | शम्भु कुमार बस्नेत | १५०००० | |
| | २३ | कर्मचारी | शिव नारायण यादव | ६५००० | |
| | २४ | कर्मचारी | हरी नारायण चाैधरी | २०१००० | |
| | २५ | संस्थागत | जनचेतना नागरिक सचेतना केन्द्र | ३४०००० | |
| | २६ | संस्थागत | ब.मा.वि. बस्तीपुर-६ | ४६८००० | |
| | २७ | संस्थागत | बुद्ध वाल विकास केन्द्र | ३०००० | |
| | २८ | संस्थागत | मा बौकी देवी नागरीक सचेतना केन्द्र | ३४०००० | |
| | २९ | संस्थागत | मा.वि. गाेविन्दपुर झिरहरी-७ | ४६८००० | |
| | ३० | संस्थागत | मा.वि. पडरिया थारुटाेल ९ | ७००००० | |
| | ३१ | संस्थागत | ले.आधारभूत विद्यालय मल्हनमा -४ | ७००००० | |
| | ३२ | संस्थागत | श्री प्रिति ट्रेडर्स | २०००० | |
| | ३३ | संस्थागत | शिवशक्ति आधारभूत विद्यालय लहान-५ | ७००००० | |
| | ३४ | संस्थागत | स.मा.वि.ढाेढना ६ | ४६८००० | |
| | ३५ | व्यक्तिगत | कृष्ण माेहन साह | ३६०००० | |
| | ३६ | व्यक्तिगत | जितेन्द्र कुमार यादव | १५००० | |
| | ३७ | व्यक्तिगत | बुदुर भगत | ८०५००० | |
| | ३८ | व्यक्तिगत | भुवनेश्वर झा | २८७६५ | |
| | ३९ | व्यक्तिगत | महेश राम | ४६०००० | |
| | ४० | व्यक्तिगत | माे. नौसाद | ७३२०० | |
| | ४१ | व्यक्तिगत | राम नारायण दास | ७००० | |
| | ४२ | व्यक्तिगत | रामानन्द बडियैत | १००००० | |
| | ४३ | व्यक्तिगत | राेसन गुप्ता | ४८०० | |
| | ४४ | व्यक्तिगत | विन्देश्वर यादव | २०००० | |
| | ४५ | व्यक्तिगत | सुर्यमणि पौडेल | ५०००० | |
| | ४६ | व्यक्तिगत | हरेन्द्र कुमार महतो | १५००० | |
| | ४७ | पदाधिकारी | अरुण के. सि. | ८००००० | |
| | ४८ | पदाधिकारी | कन्हैया प्रसाद गुप्ता | २५०००० | |
| | ४९ | पदाधिकारी | कमल देव यादव | २७५००० | |
| | ५० | पदाधिकारी | तेज नारायण चौधरी | ८००००० | |
| | ५१ | पदाधिकारी | प्रथम लाल चौधरी थारु | २००००० | |
| | ५२ | पदाधिकारी | प्रदिप कुमार चौधरी | ५७०००० | |
| | ५३ | पदाधिकारी | मन्टी कुमार मण्डल | १५०००० | |
| | ५४ | पदाधिकारी | महेश कुमार श्रेष्ठ | २००००० | |
| | ५५ | पदाधिकारी | राकेश कुमार गुप्ता | ४५००० | |

| | | | |
|---|---|---|---|
| ५६ | पदाधिकारी | राज कुमार साह | २००००० |
| ५७ | पदाधिकारी | रामनाथ पंडित | २५०००० |
| ५८ | पदाधिकारी | विजय कुमार महतो | १५०००० |
| ५९ | पदाधिकारी | सरियार कुमारी चौधरी | १५०००० |
| ६० | कर्मचारी | अशोक कुमार मण्डल | ५०००० |
| ६१ | कर्मचारी | गाेपि लाल चाैधरी | १००००० |
| ६२ | कर्मचारी | भानु राज शर्मा | १७०००० |
| ६३ | कर्मचारी | राम कृष्ण महतो | ६९५००० |
| ६४ | कर्मचारी | रामानन्द बडियैत | १५०००० |
| ६५ | कर्मचारी | वन्हु लाल चाैधरी | १००००० |
| ६६ | कर्मचारी | शिव शंकर चाैधरी | ३०५००० |
| ६७ | ठेकेदार | एम.के.कन्सट्रक्सन लहान-७ | ३३९९६२.१ |
| ६८ | ठेकेदार | कविन्द्र-इभांशु इशा जे भी, ललितपुर | ६०७७००० |
| ६९ | ठेकेदार | काश्यप/ बज्रङ्गबली जे.भि. धनगढीमाई न.पा.-१ | ८२८४००० |
| ७० | ठेकेदार | दिवा निर्माण सेवा प्रा.लि. ललितपुर-१५ | ५८०७७६६.५ |
| ७१ | ठेकेदार | पवन कन्सट्रक्सन | २५५००० |
| ७२ | ठेकेदार | श्रीकृष्ण निर्माण सेवा लहान सिरहा | ३६०००० |
| ७३ | संस्थागत | आधारभूत विद्यालय तरेगना गाईघाट ५ | १००००० |
| ७४ | संस्थागत | आधारभूत विद्यालय तिलेबोना-१ | १००००० |
| ७५ | संस्थागत | आधारभूत विद्यालय पिडरबनी-२ | २००००० |
| ७६ | संस्थागत | आधारभूत विद्यालय बेतहाखोल-४ | ५०००० |
| ७७ | संस्थागत | आधारभूत विद्यालय बलानशेर ९ | १००००० |
| ७८ | संस्थागत | आधारभूत विद्यालय सिंगराही मटीअर्वा १ | ५०००० |
| ७९ | संस्थागत | आधारभुत विधालय नाैगेडा छरापट्टी २ | १००००० |
| ८० | संस्थागत | गाेपी कृष्ण कन्स्ट्रक्सन लहान-१९ | ३२१०००० |
| ८१ | संस्थागत | ज. आधारभूत विद्यालय यादवटोल-७ | १००००० |
| ८२ | संस्थागत | ज.आधारभूत विद्यालय मोतीपुर मलहनमा ९ | १००००० |
| ८३ | संस्थागत | ज.आधारभुत विधालय वैरीया गुदीगाउ १० | ३२५००० |
| ८४ | संस्थागत | दलित भानुभक्त आधारभूत विद्यालय गाेविन्दपुर-८ | २००००० |
| ८५ | संस्थागत | नेपाल तेक्कान्दो संघ | १०००० |
| ८६ | संस्थागत | नवकलि आधारभुत विधालय वालुवाटाेल ५ | १००००० |
| ८७ | संस्थागत | प्रभु हेलिकप्टर प्रा.लि. कमलादी काठमाडाैं | ५००००० |
| ८८ | संस्थागत | ब.मा.वि. बस्तीपुर-६ | ५००००० |
| ८९ | संस्थागत | मदरसा रिजविया फैजुल ओलुम | १५००० |
| ९० | संस्थागत | राजदेवी आधारभूत विद्यालय भदैया ५ | १००००० |
| ९१ | संस्थागत | ल.ल.कु.मा.वि.रघनाथपुर ३ | २००००० |
| ९२ | संस्थागत | श्री सरस्वती आधारभूत विद्यालय पक्कीटाेल लहान-१३ | ५५००० |
| ९३ | संस्थागत | स. आधारभूत विद्यालय पक्कीटोल ३ | २००००० |
| ९४ | संस्थागत | स.मा.वि.ढाेढना ६ | २००००० |
| ९५ | संस्थागत | सुर्यतारा श्री सिने प्रा.लि. | १५००० |
| ९६ | संस्थागत | सुर्या विकास जे बी लहान-३ | ८२४५००० |
| ९७ | संस्थागत | सुर्या विकास/ जे बी लहान-३ | ७१७७००० |

| | | | |
|---|---|---|---|
| ९८ | संस्थागत | साज कुमार आले | १४००००० |
| ९९ | उपभोक्ता समिति | पक्की नाला निर्माण उ.स. | ६०००० |
| १०० | उपभोक्ता समिति | पिच सडक निर्माण उ.स. | ६००००० |
| १०१ | उपभोक्ता समिति | शहरी गरीवी न्युनीकरण उ.स. | ७३१३२ |
| १०२ | उपभोक्ता समिति | शहरी गरीवी न्युनीकरण उ.स. | २३७८५० |
| १०३ | उपभोक्ता समिति | शहरी गरीवी न्युनीकरण उ.स. | २५०००० |
| १०४ | उपभोक्ता समिति | सडक ग्राभेल उ.स. | २७००० |
| १०५ | व्यक्तिगत | संजय कुमार साह | २५०००० |
| १०६ | व्यक्तिगत | अंजना कुमारी साह | ४३०००० |
| १०७ | व्यक्तिगत | अशिश लाल मण्डल | २५००० |
| १०८ | व्यक्तिगत | दुर्गा प्रसाद महतो | ५०००० |
| १०९ | व्यक्तिगत | नथुनी पासमान | ७०००० |
| ११० | व्यक्तिगत | भुवनेश्वर झा | ५०००० |
| १११ | व्यक्तिगत | राम नारायण पंडित | ३०००० |
| ११२ | व्यक्तिगत | श्याम कुमार सिंह | ५०००० |
| | | **जम्मा** | **७०५५९२६१** |

१३४ यस डोर मूकामको च.नं. १९ मिति ०७६।७।२६ को पत्रबाट माग गरिएको विवरण मध्ये निम्नानुसार विवरण प्राप्त नभएकोले सो वारेमा विश्लेषण गर्न सकिएन ।

फारम ३ ठेक्का वन्दोवस्ती सम्वन्धी विवरण

फारम ४ कोष सम्वन्धी विवरण

फारम ८ वार्षिक लक्ष्य तथा प्रगति

फारम ९ अधुरो निर्माण कार्यको विवरण

फाराम १४ स्रोत उपभोग र उपलब्धीको विवरण

फाराम १६ घर नक्सापास र निर्माण सम्पन्न सम्बन्धी विवरण

फाराम १८ थप सुविधाको विवरण

फाराम २१ जिल्ला समन्वय समितिको अधुरा योजना स्थानीय तहमा हस्तान्तरणको विवरण

फाराम २२ आन्तरिक आम्दानी तर्फ मू.अ.कर असूली स्थिति

१३५ **आन्तरिक लेखापरिक्षण:** आन्तरिक लेखापरिक्षणबाट औल्याएको बेरुजू आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार अन्तिम लेखापरिक्षण हुनु अगाडी नियमित तथा असूल/फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था अनुसार फछ्र्यौट नभएका निम्नानुसार व्यहोरा कायम गरिएको छ:

१ शिक्षा कृषि र स्वास्थ्य संस्थाहरुमा खप्ने र नखप्ने सामानहरु खरिद गर्दा जिन्सी खाताको प्रयोग व्यवस्थित तरिकाले राख्नु पर्ने र जिन्सी निरिक्षण समेत गराउनु पर्ने ।

२ जनप्रतिनिधिले नियमनकारी तथा अनुगमन कर्ताको भुमिकामा रहेकोले प्रतिनिधीहरुबाट कार्यक्रम संचालन हुँदा स्वार्थ बाँझियने तथा अनुगमनको पाटो कमजोर हुने देखिएकोले जनप्रतिनिधिले पेश्की तथा कार्यक्रमको भुक्तानी आफ्नै नाममा लिनु सान्दर्भिक देखिएन ।

३ वडा कार्यालयहरुमा विनियोजित बजेटबाट कार्यालयको लागी खप्ने समानहरु खरिद गर्दा जिन्सी खाता पाता प्रयोग व्यवस्थित तरिकाले गर्नुपर्ने र जिन्सी निरिक्षण पनि गर्नुपर्ने ।

४ विद्यालयको खातामा पाठयपुस्तक मसलन्ध जस्ता रकमहरु सोझै खातामा हालेको पाइयो । सो रकमको वील भरपाई न.पा. मा समेत राख्नुपर्ने देखिन्छ ।

५ उ.स.बाट ठोस काम तथा खरिद प्रक्रिया भएको र सो योजनामा श्रम दान वापत डोर हाजिरी नै देखाएको । साथै अन्य योजनाहरुमा पनि डोर हाजिरीमा एकै किसिमको ल्यापचे लगाएको देखिएकोले यसलाई व्यवस्थित गर्नुपर्ने

| | | |
|---|---|---|
| | देखिन्छ। साथै कामदारहरुको नागरिकता प्रमाणपत्रको फोटोकपी राख्नुपर्ने देखिन्छ। | |
| १३६ | **बेरुजू:** नगरपालिकाको प्रारम्भिक प्रतिबेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने ४ करोड रु. ४९ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु १ करोड ६ लाख ३६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६ करोड ७४ लाख ७६ हजार र पेश्की रु. ७ करोड ५ लाख ५९ हजार समेत रु. १९ करोड ३६ लाख १५ हजार बेरुजू कायम भएकोमा प्रतिकृया प्राप्त नभएकोले सोहि बेरुजू कायम भएको छ। | |
| १३७ | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु पर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |

रु.हजारमा

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्र्यौट (B) | वाँकी (C=A-B) |
|---|---|---|
| ९१६६० | - | ९१६६० |

| | | |
|---|---|---|
| १३८ | **अद्यावधिक वेरुजू स्थिति :** यसगाँउपालीकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

रु.हजारमा

| गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) | यो वर्षको सं.पं बाट कायम वेरुजू रु | यो वर्षको कायम वेरुजू (रु) | बाँकी वेरुजु (रु) |
|---|---|---|---|
| ९१६६० | - | १९३६१५ | २८५२७५ |

अनुसूची - १

## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिमेवार नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | लहान नगरपालिका | सिरहा | ८० | ५७ | १९३६१५ | ० | ० | ० | ८० | ५७ | १९३६१५ | ४४९४४ | १०६३५ | ६७४७७ | ० | ० | ७८११२ | १६४४७ | ५४११२ | ७०५५९ |

अनुसूची - २

## स्थानीय तह संचित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात बाँकी |
| | | | १ | २ | ३ | ४ | ५=(२+३+४) | ६ | ७ | ८ | ९=(६+७+८) | १०=(१+५-९) |
| १ | लहान नगरपालिका | सिरहा | २७७८४९ | २२०३७१ | ४७८१६६ | ११८६९१ | ८१७२२८ | ४७७३३६ | ३०४३१५ | १३२०७ | ७९४८५८ | ३००२१९ |

अनुसूची- ३

## अद्यावधिक बेरुजू स्थिति
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बैरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | लहान नगरपालिका | सिरहा | ९१६६० | ० | ९१६६० | ० | १९३६१५ | २८५२७५ |